**नेवा सेकुवा पसः**

यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज

मो. ९८४५०६१६०२



यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com






**Parsa Marble & Tiles Pvt. Ltd.**

Adarshnagar-10, Birgunj

(front of Panitanki Gate)

051-591592, 9811895095



❖ वर्ष ३५ ❖ २०७८ मङ्सिर २३ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 December 09 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०३


## विशेष खोपः पहिलो दिन पर्सामा उत्साहजनक सहभागिता

धर्मेन्द्र चौरसिया, पोखरिया, २२ मङ्सिर/

जिल्ला खोप समन्वय समितिको पहलमा बुधवारदेखि पर्सा जिल्लाभर विशेष खोप अभियान सञ्चालन भएको छ। स्वास्थ्य कार्यालय, पर्साले वीरगंज महानगरपालिकासमेत चौधवटै पालिकामा तीन दिने विशेष खोप अभियान सञ्चालन गरेको हो।

आजदेखि २४ गतेसम्म सञ्चालन हुने यो अभियानमा पहिलो दिन बुधवार र बिहीवार भेरोसिल खोप दिइने र २४ गते कोभिशिल्ड दिने कार्यक्रम छ। जिल्लाका १२९ वटा स्थानबाट विशेष खोप अभियान सञ्चालन भएको र यसमा ४७५ जना स्वास्थ्यकर्मी, व्यवस्थापक र ७६५ जना महिला स्वयंसेविकाहरू परिचालित भएका छन्।

पर्सा जिल्लामा विशेष खोपको लागि ४३ हजार खोप सञ्चित रहेको र थप खोप आउने मङ्गलवार जिल्ला खोप समन्वय समितिको आयोजनामा भएको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो। पर्सा जिल्लामा यस आवमा सातपटक खोप सञ्चालन भएको र अहिलेसम्म १ लाख ३२ हजार १२८ जनाले खोप लिइसकेका छन्। स्वास्थ्य कार्यालयले सो तथ्याङ्क उपलब्ध गराएको हो।

आजदेखि सञ्चालित विशेष खोप लिन खोपकेन्द्रहरूमा मानिसहरूको ठूलो सङ्ख्यामा भीड देखियो। कोरोनाको पाँचौं स्वरूप अन्तर्गत देखा परेको ओमिक्रोनको कारण खोप लिनेहरूको सङ्ख्या बढेको हो। यसअघि, खोप केन्द्रहरूमा खोप लिन खासगरी ग्रामीण क्षेत्रका मानिसहरूले रुचि देखाएका थिएनन्। वीरगंज महानगरपालिकाबाहेक १३ वटा पालिकाका मानिसहरूले खोपप्रति खासै रुचि नदेखाए पनि बुधवारदेखि शुरू भएको विशेष खोप अभियानमा उनीहरूको पनि संलग्नता बढेको छ।

ग्रामीण क्षेत्रमा भेरोसिल खोप लिनेको सङ्ख्या कम हुनुमा सो खोप चिनियाँ भएको र कम असरदार हुने भनी गलत हल्ला चलाइएका कारण मानिसहरूले खोप लिन रुचाएका थिएनन्।






वीरगंजको ग्रीनसिटी सामुदायिक सेवा केन्द्रमा विशेष खोप अभियान अन्तर्गत खोप लगाउँदै सर्वसाधारण। तस्वीरः नितेश कर्ण

### वीमनपाद्वारा सार्वजनिक ठाउँ खोप केन्द्र स्थापना

वीरगंज महानगरपालिकाले सार्वजनिक स्थानबाट पनि सर्वसाधारणलाई कोभिडविरुद्धको खोप लगाउन शुरू गरेको छ।

विशेष खोप अभियान अन्तर्गत महानगरपालिकाले बुधवारदेखि सार्वजनिक स्थानमा खोप लगाउन शुरू गरेको हो।

सो खोप अभियानको वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले उद्घाटन गरेका थिए। उनले वीरगंज महानगरपालिकाले ३४ वटा खोप केन्द्रबाट खोप उपलब्ध गराएकोमा थप तीनवटा खोप केन्द्र सार्वजनिक स्थानमा खडा गरी विशेष खोप अभियानलाई सघाएको बताए।

उनले महानगरपालिकामा खोप भण्डारण कक्ष स्थापना गरिएकोमा त्यहाँ २५ हजार मात्रा खोप उपलब्ध रहेको जानकारी दिए।

कार्यक्रममा उनले यो अभियान पूर्णरूपमा सफल पार्न सबै नगरवासीलाई सहभागी हुन आग्रह गरे। उनले पहिलो चरणमा भेरोसिल खोपको दुवै मात्रा लगाउने र त्यसपछि कोभिशिल्डको खोप लगाउने बताए। उनले नगरवासीले नागरिकताको प्रमाणपत्र हेराएर घण्टाघरस्थित प्रहरी बिटबाट कोरोना खोप लगाउन सकिने बताए।

## ठोरीमा विवाहोत्सव मनाइयो

चिरञ्जीवी सापकोटा, ठोरी, २२ मङ्सिर/

ठोरी गाउँपालिका वडा नं २ को सीतागुफामा रामसीता विवाहोत्सव मनाइएको छ। मङ्सिर शुक्ल पञ्चमीको दिन मर्यादा पुरुषोत्तम भगवान् रामचन्द्रसित जनकपुत्री सीताको विवाह भएको दिन पारी ठोरीमा प्रत्येक वर्ष विवाह उत्सव मनाउँदै आइएको छ।

पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले भगवान् रामको जन्म ठोरीमा भएको भनी अभिव्यक्ति दिएपछि त अत्यन्तै हर्षोल्लासका साथ विवाहोत्सव मनाउने गरेको रामजन्मभूमि क्षेत्र विकास समितिकी कोषाध्यक्ष गीता विष्टले जानकारी दिइन्। आज विवाहपञ्चमीको अवसरमा बिहानदेखि नै रामसीताको पूजा गर्न सीतागुफा परिसरमा भक्तजनहरूको भीड लागेको थियो। धार्मिक यज्ञ अनुष्ठानको आयोजना गरी सीतागुफामा रामसीता विवाहोत्सव मनाइएको समितिकी उपाध्यक्ष मीना गिरीले जानकारी दिइन्।

पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले रामको जन्म ठोरीमा भएको भनी अभिव्यक्ति दिए तापनि मन्दिर निर्माण कार्यमा ठोरीलाई उपेक्षा गरी अन्यत्र बनाउन लागेकोप्रति ठोरीवासीको गुनासो रहेको छ।



तस्वीरः प्रतीक

## लैङ्गिक हिंसाविरुद्ध विद्यार्थीहरूलाई सचेतना

प्रस, वीरगंज, २२ मङ्सिर/

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत बुधवार सामुदायिक सेवा केन्द्र, छपकैया र माइती नेपाल, पर्साको संयुक्त आयोजनामा बालविवाह, दाइजोप्रथाविरुद्ध सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ।

वीरगंज महानगर-२ छपकैयास्थित ग्रीनल्यान्ड बोर्डिङ स्कूलमा आयोजित कार्यक्रमको पर्सा प्रहरीका प्रवक्ता प्रनाउ ओमप्रकाश खनालले उद्घाटन गरेका थिए। सो अवसरमा उनले बालविवाह, दाइजोप्रथा र लैङ्गिक हिंसासम्बन्धी कानूनी कारबाई, सजायका बारेमा विद्यार्थीहरूलाई बताए। प्रनाउ खनालले लिङ्गको आधारमा गरिने कुनै पनि प्रकारका हिंसा लैङ्गिक हिंसा हुने र सोविरुद्ध चुप लागेर नबस्न सुझाए। उनले कानूनमा बीस वर्ष उमेर पुगेपछि विवाह गर्न पाउने प्रावधान रहेको र सोभन्दा कम उमेरका वैवाहिक कार्यक्रम गर्ने, गराउनेविरुद्ध सूचना दिन र त्यस्ताहरूलाई कारबाई गर्ने प्रतिबद्धता पनि जाहेर गरे।

सामुदायिक सेवा केन्द्र छपकैयाका अध्यक्ष ग्यासुद्दीन मियाँ ठकुराईको अध्यक्षतामा भएको कार्यक्रममा प्रनि शोभेन्द्रविक्रम राणा, ग्रीनल्यान्ड बोर्डिङका निर्देशक उपेन्द्र पण्डित, माइती नेपाल पर्साकी संयोजक सङ्गीता पुरी, वीरगंज मेट्रो हस्पिटलकी साधना चौरसिया, सामुदायिक सेवा केन्द्र, छपकैयाका सचिव प्रवीणविक्रम शाह, ज्याउल हक समानी, धीरज शर्मालगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा केन्द्रकी कोषाध्यक्ष प्रेमाकुमारी सिंहले स्वागत र सदस्य अजित भुजेलले सहजीकरण गरेका थिए।




तस्वीरः प्रतीक

## नागरिकता विधेयक पारित गराउन माग गर्दै प्रदर्शन

प्रस, वीरगंज, २२ मङ्सिर/

वीरगंजमा नागरिकता विधेयक पारित गराउनुपर्ने माग गर्दै नागरिकताविहीन नेपालीहरूले बुधवार वीरगंजमा प्रदर्शन गरेका छन्। घण्टाघरबाट निकालिएको जुलुस माईस्थान, आदर्शनगर हुँदै पुनः सोही ठाउँमा पुगेर कोणसभा गरेको थियो।

कोणसभामा इन्द्रजीत साफी, अभिनय गुप्ता, रीना कुमारी, अक्षय गिरी, श्रवणकुमार मुखिया, विवेक वर्णवाललगायत वक्ताहरूले नेपाली नागरिकता पाएका साढे १३ लाख अभिभावकका बालबालिकाहरू अहिलेसम्म नागरिकता पाउनबाट वञ्चित भएको बताए। उनीहरूले नागरिकता पाउनु आफ्नो नैसर्गिक अधिकार भएको र नेपालको संविधानले पनि त्यसलाई अङ्गीकार गरेको भए तापनि अहिलेसम्म विभिन्न कारण तथा अडचन लगाएर नागरिकताबाट वञ्चित गर्दा ठूलो पीडा भोग्नुपरेको बताए।

वक्ताहरूले बेलाबेलामा राजनीतिक परिवर्तनसँगै बहाल हुने मन्त्रीले नागरिकता विधेयक पारित गराउने प्रतिबद्धता जाहेर गर्दै आएको र अहिलेसम्म पारित नहुँदा जन्मसिद्ध नागरिकता लिएका नागरिकका लाखौं छोराछोरी नागरिकताबाट वञ्चित भएको र उनीहरूको पठनपाठनमा पनि बाधा पुगिरहेको बताए। सबै कामको लागि नागरिकता आवश्यक भएको र नागरिकताबाट आफूहरू वञ्चित हुँदा समस्या झेल्नुपरेको उनीहरूको भनाइ थियो। वक्ताहरूले नागरिकता विधेयकलाई अविलम्ब पारित गराउन आग्रह गरे। सबै राजनीतिक दलले नागरिकता विधेयक पारित गराउने प्रतिबद्धता जाहेर गरे पनि संसद्मा सो विधेयक अहिलेसम्म विचाराधीन हुनु दुर्भाग्यपूर्ण भएको बताए। भर्खरै आएका भारतीयहरूले नागरिकता लिएर बसेको तर वर्षौंदेखि अभिभावकहरूले नागरिकता पाए पनि आफूहरू भने नागरिकताबाट वञ्चित भएकोमा उनीहरूले दुःख व्यक्त गरे।

कार्यक्रम नागरिकताविहीन नेपाली पर्साका संयोजक अमितकुमार राउतको अध्यक्षतामा भएको थियो।






तस्वीरः नितेश कर्ण


विवाहलगायत अन्य भोजभतेरमा फजुल खर्च रोकौं, सभ्य र जिम्मेवार नागरिकको परिचय दिऔं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## विचारसार एवं सूक्तिहरू

**प्राप्त अवसरलाई नै राम्रो बनाऊ, राम्रो अवसरको ताकमा बस्यौ, जीवनमा पाइनेछैन ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# ठेकेदार तह लागेनन्

**आइसिपी–परवानीपुर र वीरगंज–पथलैया व्यापारिक मार्ग निर्माणमा ढिलाइ भएको भन्दै जिल्ला प्रशासन कार्यालय, पर्सामा हिजो मङ्गलवार सरोकारवालाहरूको बैठक बस्यो । जिल्लामा भएका विकास निर्माणका काममा ढिलाइ भएको भनेर प्रमुख जिल्ला अधिकारीले चासो देखाउनु राम्रो कुरा हो । बैठकले आगामी फागुन मसान्तसम्म सो सडकखण्डको काम पूरा गरिसक्नुपर्ने निर्णय पनि गरेको छ। यो सडकखण्ड सडक विभाग अन्तर्गत पर्छ । सडक विभागले आफ्नो जिम्मेवारीको काम राम्रोसँग गराएको भए त्यसमा स्थानीय प्रशासनले हस्तक्षेप गर्नुपर्दैन थियो । तर ठेक्का भएको साढे पाँच वर्ष बित्न लाग्दा पनि ६ लेन सडकको काम अहिलेसम्म सम्पन्न हुन सकेको छैन । ढिला हुने कारण ठेकेदारको पक्षबाट हेर्ने हो भने उनीहरूले आफ्नो गलती ढाकछोप गर्न थुप्रै बताउन सक्छन् । सडक विभागको पक्षबाट ढिला हुने उचित कारण सार्वजनिक हुनुपर्ने हो। जुन उसले अहिलेसम्म गरेकै छैन। ६ लेन सडक निर्माणका लागि सम्झौता भएर २०७३ असार २९ गतेदेखि काम शुरू भएको हो। काम शुरू भएसँगै सोको निगरानी विभागबाट खटिएका प्राविधिक टोलीले गर्दै आएको पनि होला ।**

**दुई वर्षमा सम्पन्न हुने यो काम अहिले साढे पाँच वर्षको अवधि पार गर्दा समेत पूरा नहुनुको उचित कारण सार्वजनिक गरिएकै छैन। समाचारमाध्यममा केवल के मात्र आउँछ भने म्याद थप गरिएको छ र यो अन्तिमपटक हो। म्याद थप गर्दा अन्तिमपटक भनिएको कुरा अहिलेसम्म तीन/चार पटकभन्दा बढी भयो होला। प्रत्येकचोटि ६ महीनाको लागि म्याद थप हुन्छ र अन्तिमपटक भनिन्छ। अहिले पनि फागुन मसान्तसम्म म्याद थप छ र यो नै अन्तिम भनिएको छ। तर यसअघि कोरोना, गिट्टी, बालुवा नपाउनु, साइट क्लियर नभएकोलगायतका समस्या दर्शाएर म्याद थप हुँदै आएको थियो। कोरोनाको समस्या २०७६ चैतदेखि मात्र शुरू भएको हो । त्यस्तै, साउन १ देखि भदौ मसान्तसम्म हरेक वर्ष नदीजन्य पदार्थको उत्खनन रोकिने कुरा पनि नौलो होइन । यसको पूर्वतयारी ठेकेदारहरूले गरेकै हुन्छन् । रह्यो कुरा साइट क्लियरको भने यो सडकखण्डमा जीतपुर बजारलाई लिएर केही महीना समस्या भएको थियो। त्यसबाहेक कहींकतै समस्या थिएन । यस मानेमा जीतपुर बजार क्षेत्रबाहेकका सडकखण्ड कोरोना सङ्क्रमणअघि सम्पन्न हुनुपर्ने हो, तर भएन ? अहिले कोरोनाको कारण लकडाउन छैन, नदीजन्य पदार्थको उपलब्धता पनि सहज छ र साइट क्लियर पनि भइसकेको छ तर पनि निर्माण कार्यले भने गति लिन सकेको छैन। ठेक्का समयमा कार्य सम्पन्न नहुने यहाँको मात्र समस्या होइन, यो समस्या देशभरि छ। समयमा कार्यसम्पन्न नगर्ने ठेकेदारलाई कालोसूचीमा राख्ने काम पनि नभएको हैन। तर पनि ठेकेदारहरूलाई यस कुराको असर भने परेको छैन।**

**पर्सा जिल्लामा थुप्रै ठूला योजना अलपत्र अवस्थामा छन्, समयमा काम सम्पन्न नभएका योजनाहरूको त ताती नै होला। जिल्ला प्रशासन कार्यालय, पर्साले समयमा काम नगर्ने ठेकेदारविरुद्ध कारबाई गर्ने निर्णय पनि पहिलो होइन । यसअघिका प्रजिअरूले पनि समयमा काम नगर्ने ठेकेदारविरुद्ध कारबाईको निर्णय गरेका थिए। तर कारबाई गर्ने प्रजिअको सरुवा भएपछि फेरि त्यो निर्णय थाती राखिन्छ र नयाँ प्रजिअबाट त्यस्तै निर्णय गरिन्छ। केवल निर्णय मात्र गर्ने परिपाटीलाई निरन्तरता दिनुको साटो यसअघि भएका निर्णयलाई कार्यान्वयन गर्दा आममानिसमा सकारात्मक सन्देश प्रवाह हुन्थ्यो ।**

# सम्मानमा शाब्दिक भ्रष्टाचारका केही सन्दर्भ

स्वतन्त्र विचार



सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

**हामीले हाम्रो बोलीलाई सम्मानजनक र लोकतान्त्रिक बनाउनु आवश्यक छ। समाजले प्रयोग गर्ने प्रत्येक शब्दबाट सबैलाई सम्मान अनुभूत हुनुपर्दछ। कम्तीमा कसैलाई नमीठो लागेको अनुभूति हुन दिनुहुँदैन। कोही पनि चाहेर त्यस अनुरूप भएको होइन ...।**

आजभोलि भ्रष्टाचारको कुरा धेरै सुनिन्छ। जताततै भ्रष्टाचार भन्ने गरेको कुरो धेरैतिरबाट सुन्दा र अधिकांश क्षेत्रमा भ्रष्टाचारको सन्दर्भ केवल आर्थिक पक्षसित मात्र सम्बन्धित हुँदा आचरणसित पनि कतै जोडिएको हो भन्ने लाग्न थाल्दछ। यसो त भ्रष्ट आचार नै भ्रष्टाचार हो। यसले धेरै क्षेत्र समेट्छ, जसमा आर्थिक पक्ष पनि एक हो। आजको युगमा आर्थिक भ्रष्टाचारको पक्ष हाम्रो समाजमा निकै उठ्न थालेको छ जुन धेरै पहिले शायद अहिलेको जस्तो थिएन। पहिले त कसैले कसैलाई घोच्नेगरी बोल्यो भने भ्रष्ट मान्छे भन्ने गरिन्थ्यो। कुनै शाकाहारी मानिसले अनजानमा वा अन्य कुनै कारणले माछा, मासु वा अन्डा खायो भने उनले आफूलाई भ्रष्ट भएको महसूस गर्दछ । हाम्रो समाजमा भ्रष्टाचारको सन्दर्भ आफ्नो मूल धर्म वा कर्मबाट च्युत भएपछिको अवस्थालाई जनाउने परम्परागत मान्यता हो । पछिल्लो समयमा आर्थिक सन्दर्भ बढी जोडिएकोले यस प्रकारको मनोविज्ञान बन्दै गएको छ वा नयाँ पुस्तामा बनिसकेको छ कि भ्रष्टाचार आर्थिक पक्षसित मात्र सम्बन्धित हुन्छ।

माथिको सन्दर्भमा आफूलाई आफैंले हीनताबोध वा हेपेर वा अपनानित गरेर भ्रष्ट भनेको होइन। तर यही कुरा यदि अरू कसैले त्यसरी भ्रष्ट भएको बताउने मानिसलाई भन्दछ भने त्यो आरोप हुन सक्छ वा नराम्रो लाग्न सक्छ। यहाँनेर नराम्रो लाग्नु वा अपमानित अनुभव गर्नु वा त्यसरी सङ्केत गरेको बोध हुनुले र आफैंले आफूलाई सात्विकरूपमा भ्रष्ट भन्नु फरक कुरा हो। हो, शब्दले पनि मानिसलाई सम्मान गरेको वा सम्मान नगरी हेपेको अनुभूति दिलाउँछ। शब्दको तहमा पुगेर धेरैले जान वा अन्जानमा यसरी अपमानित गरेको हुन सक्छ र कतिपयले नजानेर पनि शब्द प्रयोग गर्दा कसैलाई चोट लागेको हुन सक्छ। अझ चोट लागेको अभिव्यक्ति दिने सामर्थ्य भएका मानिस भए त आफ्नो प्रतिक्रिया जनाउन सक्छ तर मौखिक वा लिखित वा साङ्केतिक अभिव्यक्ति सामर्थ्य नभएका वा भए पनि तत्काल वातावरण नभएको अवस्थामा त्यस्ता मानिसले मनमनै गरेको विचार कस्तो होला ? यस परिस्थितिमा मानिस जतिसुकै ठूलो वा असल भए पनि अभिव्यक्ति क्षमताको अभावमा परेका व्यक्तिले मनमनै नराम्रो वा अज्ञान मानिस ठानेको हुनुपर्छ।

शिक्षा र चेतना बढ्दै जाँदा र सामाजिक–लोकतान्त्रिक संस्कारको वृद्धि हुँदै जाँदा अहिले पनि मानव समुदायमा मानवलाई हेप्ने किसिमका शब्दावलीको प्रयोग र प्रचलन हेपाहा प्रवृत्तिको अवशेषको रूपमा रहेको छ। अहिले के कुरा आइरहेको छ भने जब कुनै शब्दबाट कसैले आफूलाई हेपिएको अनुभूति गर्दछ भने त्यो हेपेको हो र कुनै शब्दले जब कसैलाई सम्मान गरेको महसूस हुन्छ भने त्यो हेपेको होइन । यस अर्थमा हरेक व्यक्तिको अनुभव वा अनुभूति फरक हुन सक्छ तर समूह वा समाजले भने मानेको बढी उचित हुन्छ । व्यक्तिको भावनाको सम्मान गर्नुपर्छ, तर सामूहिकता तथा सामाजिकता सर्वोपरि हुन्छ। यहाँ सामाजिकताको सन्दर्भ उस्तै प्रकृतिका मानिसको समूहलाई बुझ्दा पनि हुन्छ । उस्तै स्वभावका मानिसको एकभन्दा बढीको निष्कर्ष वा त्यस्ता मानिसको संस्था छ भने संस्थाको बोलीलाई आधार मान्दा हुन्छ।

उदाहरणको लागि कुनै समयमा नेपाल अन्धा कल्याण सङ्घ थियो । अहिले अन्धा कल्याण भन्न पाइँदैन । केही समय दृष्टिविहीन शब्द पनि चल्यो र अब यसभन्दा फरक शब्दको प्रयोग हुन थालेको छ। तर समाजका कतिपय मानिस अझै पनि अन्हरा–अन्हरी, अन्धा आदि शब्द प्रयोग गरिरहेका छन् जुन सर्वथा अनुचित भइसक्यो। यसैगरी एउटा आँखा नदेख्नेलाई कानो, कनहा, कनही आदि शब्द प्रयोग गरेको सुनिन्छ जुन एउटा आँखा नदेख्नेका लागि अपमानजनक हो । अझ दुवै आँखामा दृष्टि भएका तर कुनै आँखा सानो वा आँखाको परेलामा कुनै समस्या आएर सानो देखिए वा आँखाको नानीको उमेरसँगै विकास भएको छैन भने त्यस्ता व्यक्तिलाई चोन्हा, चिम्से, डेढो, डेडो, डेढाजस्ता शब्दले सम्बोधन गर्ने गरेको पाइन्छ जुन सर्वथा अनुचित हो। व्यक्तिको नाम हुँदाहुँदै थोरै मात्र शारीरिक अपाङ्गता छ भने तिनलाई राम्रो लाग्दै नलाग्ने अनुचित शब्द प्रयोग गर्दा अपमान गरेको अनुभूति हुन्छ भन्ने कुरालाई समाजले बुझ्नै परेको छ।

बढी बोल्ने मानिसलाई बोलक्कड शब्द प्रयोग गर्नु नराम्रो हो। वास्तवमा ऊ बहिर्मुखी व्यक्ति हो, जसले आफ्नो मनमा आएको कुरा बोलिदिन्छ। कम बोल्नेलाई घुसघुसे पनि भन्नुहुँदैन, ऊ अन्तर्मुखी हो । शरीरको उचाइ सामान्यभन्दा कम हुनासाथ बन्ठा, बौना, भुट्टा, नाटा, पुड्को, बामपुड्कोजस्ता अपमानजनक शब्दको प्रयोग हाम्रो पछौटे समाजले अझै प्रयोग गरिरहेकै छ, जुन सभ्य समाजलाई सुहाउने शब्द होइन। शारीरिक अपाङ्गता भन्दा पनि हुन्छ वा औसतभन्दा कम उचाइ भएका मानिस मानेर अन्य सम्मानजनक शब्द प्रयोग गर्दा पनि हुन्छ। यदि उचाइ अलिकति बढी छ भने लामखुट्टे, सिंढी, रहेठा, बाँस भनी सम्बोधन गर्दा मन दुःख्छ भन्ने कुरातर्फ अब त समाजको ध्यान जानै परेको छ । यसैगरी पेट बाहिर ननिस्कनेलाई पेटसुट्का तथा पेट बाहिर निस्कनेलाई पेटू, पेटमधवा, तमहा, घ्याम्पेजस्ता अपमानजनक शब्द प्रयोग गरिएको पाइन्छ । आजको विज्ञानले शरीर र उचाइको तुलनामा तौल हुनुपर्दछ भन्दछ तर तौल अलिकति कम छ भने पनसुट्का, ख्याउटे, मरन्च्यासेजस्ता हीनताबोध हुने शब्द प्रयोग गरेर बोलाउने गरेको सुनिन्छ जसलाई कुनै पनि कोणले उचित ठान्न सकिन्न, राम्रो मान्नै सकिन्न। यस प्रकृतिको शब्दावली उब्जिने मनलाई पनि सुधार गर्नुपर्छ । लङ्गडा, खोरन्डो, लुलो वा लुल्हा भन्नु पनि कदापि राम्रो होइन। मानसिक रोगीलाई बौलाहा, पागल भन्नु बिल्कुलै अनुचित हो भने श्रवणसम्बन्धी समस्या हुनेलाई बहिरो भन्नु, बोलाइसम्बन्धी समस्या हुनेलाई लाटो, लठेब्रो भनी बोलाउनु, हिंडाइसम्बन्धी अलिकति समस्या हुँदैमा खोल्टे भनी सम्बोधन गर्नु उनीहरूमाथि गरिने अन्याय हो । यस प्रकारका अभिव्यक्ति अब निन्दनीय मानिन्छ र यस प्रकारका समस्या भएका वा फरक क्षमता भएका मानिसलाई सम्मान गर्ने शब्दावली प्रयोग गर्नु सबैको लागि राम्रो मानिन्छ। सबैतिर एकै किसिमको शब्द प्रयोगमा ल्याउनुपर्छ भन्ने होइन । हुन सक्छ एउटा शब्द एक ठाउँमा सम्मान र अर्को ठाउँमा अपमान बुझिएला । हाम्रो समाजमा अपाङ्ग शब्द बढी प्रयोग हुन्छ भने भारतमा त्यस्तालाई दिव्यांश भनिन्छ, तर आजभोलि शारीरिक, बौद्धिक कम भएका व्यक्तिलाई अपाङ्गता भएका व्यक्ति भन्न थालिएको छ।

लैङ्गिक, यौनिक अल्पसङ्ख्यकप्रति त हाम्रो समाज झन् कठोर छ । यस्ता मानिसको लागि प्रयोग गरिने शब्द हिंजडा, खोजा, खोजिन, मौगा आदिलाई कसरी उचित मान्ने ? पहिले तेस्रो लिङ्गी भनेर बोलाइयो पछि न्यायिक होइन भन्ने बुझियो । यसले कसैलाई पहिलो लिङ्गी र कसैलाई दोस्रो लिङ्गी पनि भनिएको वा मानिएको बोध हुन्छ। कसलाई पहिलो वा दोस्रो लिङ्गी भनिएको हो ? यी दुईपछि कसरी कोही तेस्रो लिङ्गी भयो ? यसको आधारभूत तार्किक जवाफ छैन । एक दृष्टिले पहिलो, दोस्रो र तेस्रो लिङ्गी सम्बोधन गर्दा मानवताको अपमान भएको देखिन्छ। सम्बोधनमा भ्रष्टाचार देखिनु वा मानिनु मानव समुदायकै लागि सुहाउँदो होइन।

अबको समयमा हामीले हाम्रो बोलीलाई सम्मानजनक र लोकतान्त्रिक बनाउनु आवश्यक छ। समाजले प्रयोग गर्ने प्रत्येक शब्दबाट सबैलाई सम्मान अनुभूत हुनुपर्दछ । कम्तीमा कसैलाई नमीठो लागेको अनुभूति हुन दिनुहुँदैन किनभने कोही पनि चाहेर त्यस अनुरूप भएको होइन र हरेकले आफ्नो पहिचानले सम्मान पाउनुपर्दछ। पहिचानमैं सम्मान जोडेर हेर्ने हो भने सम्बोधन सम्मानजनक हुनुपर्दछ। हाम्रो लोकतान्त्रिक संस्कारलाई अझ बलियो बनाउन यो आवश्यक छ।

# आलुखेतीको क्षेत्रफलमा कमी

कलैया, २२ मङ्सिर/रासस

आलुबालीतर्फ बाराका कृषकले खेती गर्ने क्षेत्रफलमा कमी गर्दै आएकाले यस वर्ष आलुखेतीमा ३० हेक्टर क्षेत्रफलमा कमी आएको छ।



कम लगानीमा बढी फाइदा हुने नगदेबाली उखुखेती र मत्स्यपालन व्यवसायतर्फ कृषकको बढी आकर्षकले कृषकहरूले २०७८/७९ मा कुल सात हजार ४२० हेक्टर क्षेत्रफलमा विभिन्न जातका आलुखेती गरेको कृषि ज्ञान केन्द्रका विज्ञ गेनालाल मण्डलले बताए।

जिल्लाका प्रायः सबै ठाउँमा आलुखेती हुने गरेको र उत्पादनका हिसाबले अमृतगंज, गोलागंज, हरिहरपुर, उचिडिह, देवापुर, भगवानपुर आलुखेतीको पकेट क्षेत्र भएको बताइएको छ।

गत वर्ष २०७७/७८ मा कृषकले कुल सात हजार ४५० हेक्टर क्षेत्रफलमा विभिन्न जातका आलुखेती गरी प्रतिहेक्टर १६ मेट्रिकटनले कुल एक लाख १९ हजार २०० मेट्रिकटन आलु उत्पादन गरेका थिए।

# निश्शुल्क फलफूलका बिरुवा वितरण

प्रस, सेढवा, २२ मङ्सिर /

जीराभवानी गाउँपालिका वडा नं २, सेढवामा सर्वसाधारणलाई निश्शुल्क फलफूलका बिरुवा वितरण गरिएको छ। वडा नं २ का अध्यक्ष महादेव महतो थारूले प्रतिपरिवार तीनदेखि पाँचवटा फलफूलका बिरुवा प्रदान गरेका थिए।

फलफूलको आवश्यकता पूरा गर्न तथा पर्यावरण संरक्षणको लागि बिरुवा रोप्न निश्शुल्क वितरण गरिएको वडाध्यक्ष थारूले बताए। आँप, लिच्ची, जामुन, अमलालगायतका एक हजार २०० बिरुवा वितरण गरिएको वडाध्यक्ष थारूले बताए।




# शिकारबाट वञ्चित स्यालहरू

पाठक प्रतिक्रिया

२० गते प्रतीकमा कुमार रूपाखेतीको लेख 'चालीस लागेछ, बैंस जागेछ' पढें। चाँदीको चरालाई सुनको पखेटा लगाइदिए पनि त्यो उड्न सक्दैन, उड्नका लागि सजीव चरा नै चाहिन्छ। त्यो सजीवता नवीनतामा हुन्छ । नवीनता त गणतन्त्र नै हो। बाघ मऱ्यो, शिकार मऱ्यो। मरेको बाघमा ब्रह्मलुट मचाउन स्यालहरू भेला भएर दल बनाए। तर तिनका लागि अब अङ्गुर अमिलो भइसकेको छ, 'दिल्ली' निकै टाढा छ । खुशी लाग्यो कि लेखकले गणतन्त्रवादीको मात्र आलोचना गरेका छन्, गणतन्त्रको गरेका छैनन् । तर पनि लेखकको झुकाव राजातिर नै बढी देखिएको छ। राजाहरू कस्ता हुन्छन्, यो कमल थापाको प्रकरणमा देखिन्छ। राजाले लिङ्देनलाई पनि 'गो अहेड' भने र कमल थापालाई पनि। कुनै एकलाई 'गो अहेड' भने पनि त हुन्थ्यो। बिचरा कमल थापाले ६३ सालदेखि राजाको भारी बोके तर आज उनलाई राजाले नै लडाइदिए। कमल थापाले गलती गरे। राजालाई होइन, केवल हिन्दू धर्मलाई बोक्नुपर्थ्यो । अब राजा बोकेको मजा चाख । मोदीले कहाँ राजा बोके ? पाकिस्तान, बङ्गलादेश, अफगानिस्तानहरू त विनासुल्तान मुस्लिम राष्ट्र हुन्। नेपाल, राजाविना किन हिन्दू राष्ट्र हुन सक्दैन ? हिन्दू राष्ट्र हुनु हिन्दूको सुरक्षाको लागि हो। विश्वमा हिन्दूविरोधी गतिविधि देखिन्छ। त्यसमा राजाको के जरूरत ? अतः रातारात ल्याइएको धर्मनिरपेक्षतालाई बिदा गरौं, बिदा गरिसकिएका राजालाई फिर्ता गर्ने होइन।

डा शिवशङ्कर यादव, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# विवाहपञ्चमीका जन्ती महोत्तरीबाट जनकपुर प्रस्थान

महोत्तरी, २२ मङ्सिर/रासस

मिथिलाको सांस्कृतिक पर्व विवाहपञ्चमी महोत्सवका जन्ती बुधवार बिहान महोत्तरीको मटिहानीबाट जलेश्वर हुँदै जनकपुरतर्फ प्रस्थान गरेका छन् । मङ्गलवार मटिहानी पुगेका भारतीय साधुसन्त एक रात यहाँ श्रीलक्ष्मीनारायण मठको आतिथ्य ग्रहण गर्दै आज बिहान जलेश्वर हुँदै जनकपुरतर्फ प्रस्थान गरेका हुन् । रामजानकी विवाह महोत्सवमा अयोध्याबाट जन्ते भई साधुसन्त जनकपुर आउने पुरानो परम्परा हो ।

महोत्सवमा अयोध्याका अतिरिक्त भारतका विभिन्न ठाउँबाट साधुसन्त आउने गरेका छन्। केही दशक पहिलेसम्म मङ्सिर शुक्लपक्ष लाग्नासाथै प्रतिपदाकै दिन भारतीय साधुसन्त मटिहानी हुँदै नेपाल प्रवेश गर्थे। यो तालिकामा पहिलो रात मटिहानी, दोस्रो रात जलेश्वर, तेस्रो रात महोत्तरीकै सहोडवा र चौथो दिन जनकपुर पुग्ने चलन थियो। यस क्रममा दिवा र रात्रि भोजनका स्थल निर्धारित भएबमोजिम स्थानीयवासीले अहोभावले स्वागत गर्दै भोजन, विश्रामको चाँजो मिलाउने परम्परा रहेको पिपरा गाउँपालिका बनौलीका सञ्चारकर्मी ६५ वर्षीय वैद्यनाथ चौधरीले जानकारी दिए।

यो पुरानो परम्परा भने अब हराउँदै गएर केही साधुसन्त पञ्चमीको एक दिनपूर्व मटिहानी पुग्ने र महोत्सवको मुख्य दिन पञ्चमी तिथिमा जलेश्वर हुँदै जनकपुर जान थालेका छन् । विज्ञान प्रविधिको विकाससँगै मान्छेको व्यस्तता बढेर, पुरानो पुस्ताको अनुसरण हुन छाडेर र मेला उत्सवको आकर्षण घट्दै गएर सीमित सङ्ख्याका साधुसन्त र सर्वसाधारण श्रद्धालु आउने गरेका यात्राको बाटो क्षेत्र (मटिहानी–जलेश्वर–पिपरा–जनकपुर)का बासिन्दा बताउँछन्। कतिपय भारतीय साधुसन्त त आज नै सीमानाकाबाट नेपाल प्रवेश गर्दै सोझै जनकपुर पुग्न थालेका जलेश्वर नगरपालिकाको सारी निवासी रवीन्द्र ठाकुरले बताए। पछिल्लो समयमा मेला उत्सवका भीडभाडमा असुरक्षाभाव बढ्दै गएर पनि महोत्सवमा उपस्थिति पातलिँदै गएको सामाजिक अभियानकर्मीसमेत रहेका उनको भनाइ छ।

गत वर्ष कोभिड–१९ महामारीको सन्त्रासले नेपाल–भारत सीमानाकामा आवतजावत ठप्प हुँदा भारतीय साधुसन्त महोत्सवका लागि नेपाल आएनन् । यसपालि पनि यो महाव्याधि पूर्ण नियन्त्रण भइनसकेको र पछिल्लोकालमा नयाँ भेरियन्ट 'ओमिक्रोन' भारतका विभिन्न ठाउँमा देखिएपछि महोत्सवका लागि नेपाल आउने पातलिएका अड्कल गरिएको छ ।

जनकपुरधाममा सप्ताहव्यापी मनाइने रामजानकी महोत्सव त्रेतायुगमा अयोध्या नरेश दशरथ पुत्र श्रीराम र मिथिला (विदेह)का राजा शिरध्वज जनककी पुत्री सीताको मङ्सिर शुक्ल पञ्चमी तिथिका दिन विवाह भएको सम्झनामा मनाउँदै आइएको हो। हिन्दू परम्परामा श्रीराम



विवाहपञ्चमी महोत्सवमा सजाइएको जानकी मन्दिर । तस्वीरः रासस

विष्णुका अवतार र मर्यादा पुरुषोत्तम कहलिन्छन् भने सीता लक्ष्मीकी अवतार र आदर्शनारीका रूपमा पूज्य छिन् । जनकपुरधाममा सम्पन्न गरिने महोत्सवको साप्ताहिक तालिकामा जनकपुर दर्शन, फूलबारी लीला, धनुष भङ्ग र स्वयंवर, तिलकोत्सव, मटकोर, विवाह र रामकलेवा विधि छन् । विवाहको भोलिपल्ट रामकलेवा विधिका दिन जन्ते भई आएका भारतीय साधुसन्तलाई मिष्ठान्न भोजन गराइ वस्त्राभूषण र दक्षिणा दिएर बिदाइ गरिने चलन छ। यी सबै विधिका मुख्य आयोजक जानकी मन्दिर व्यवस्थापन हो।

विवाह महोत्सवमा जानकी मन्दिरका महन्त राजा जनकको र जनकपुरकै राम मन्दिरका महन्त राजा दशरथको भूमिकामा हुन्छन् । समारोहमा मैथिल परम्परा अनुसार जन्ती र घरगाउँले तथा सम्धी–सम्धीबीचको हाँसख्याल ठट्टा सहभागीहरूका लागि मनोरञ्जक हुने गरेको मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (संस्कृत क्याम्पस)का साहित्य विषयका सहप्राध्यापक ध्रुव रायले बताए ।

प्राचीन मिथिलाको विवाह पद्धति, चालचलन र रीतिथिति सम्झाउने यो सांस्कृतिक पर्वको साख ओइल्याउन दिन नहुने पाका मैथिलको भनाइ छ। यसका लागि नयाँ पीढीका मैथिल युवाले अग्रसरता लिनुपर्ने महोत्तरीकै बलवा नगरपालिकाको धमौरा बस्तीका बासिन्दा मैथिल संस्कृति र परम्पराका जानकार ७० वर्षीय कामेश्वर झाको सुझाव छ।

**विवाहपञ्चमीमा श्रद्धालुको घुइँचो**

धार्मिक र सांस्कृतिक महत्त्व बोकेको प्रसिद्ध सीताराम विवाहपञ्चमी महोत्सव अन्तर्गत आज भगवान् राम र सीताको प्रतीकात्मक विवाह गर्न लागिएको छ। त्रेतायुगमा आजकै दिन भगवान् राम र सीताको विवाह भएको मान्यता अनुसार आज जनकपुरधाममा राम र सीताको प्रतीकात्मक विवाह गर्न लागिएको हो।

विवाहपञ्चमीका अवसरमा जनकपुरधामस्थित जानकी मन्दिरमा सीताराम स्वयंवर र विवाह समारोह आयोजना गर्न लागिएको जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशनदास वैष्णवले जानकारी दिए। पौराणिक मान्यता अनुरूप राम मन्दिरबाट दिउँसो सीताराम स्वयंवरका लागि बाजागाजा, झाँकीसहित भगवान् रामको प्रतिमालाई विशेषरूपमा निर्मित डोला सिंहासनमा राखी रङ्गभूमिमा पुऱ्याइन्छ भने सीतालाई विशेष सुसज्जित डोलामा राखी रङ्गभूमि मैदानमा लगिन्छ।

रङ्गभूमिमा स्वयंवर विधि, परीक्षणको वैवाहिक विधि सम्पन्न भएपछि सीता र रामलाई जानकी मन्दिरमा ल्याइ मिथिला संस्कृति अनुसार विवाह सम्पन्न हुन्छ । यस अवसरमा निस्केको भगवान्‌को डोला शोभायात्रामा स्थानीयका साथै सीमावर्ती भारतीय क्षेत्रका श्रद्धालु भक्तजनसमेत सहभागी हुने गरेका छन् ।

रङ्गभूमि मैदानमा वर र वधू पक्षबीच हुने गरेको हाँसो, ठट्टा तथा गाउँगाउँबाट आउने गरेका सीतारामको प्रतीकात्मक झाँकी र लाखौं सङ्ख्यामा सम्मिलित भक्तजनको उत्साहले वास्तविक विवाहको झझल्को दिन्छ। गोश्वामी तुलसी दासले रामायणमा वर्णन गरे अनुसार जनकनन्दनी सीताको विवाह भएको दिनलाई सम्झेर मिथिलावासीले यस पर्वलाई विशेष महोत्सवका रूपमा मनाउने गरेका छन् ।

त्रेतायुगमा मिथिलाका राजा जनकले आफ्नी छोरी सीताको स्वयंवरका लागि राखिएको शिवधनुषलाई अयोध्याका राजा दशरथका जेठा छोरा रामले तीन टुक्रा पारेको र शिवधनुषलाई भाँचेपछि मार्गशीर्ष शुक्ल पञ्चमीका दिन राम र सीताको भव्य समारोहबीच विवाह सम्पन्न भएको मान्यता छ ।

रामायणमा उल्लेख गरिए अनुसार जनकपुरधामको रङ्गभूमिमा आयोजना गरिएको स्वयंवरमा ५६ कोटि देवीदेवताको उपस्थिति रहेको विश्वास गरिन्छ। सीतालाई छोरीबहिनीका रूपमा मान्ने मिथिलावासी महोत्सवमा देवीदेवताको सहभागिता अदृश्यरूपमा हुने विश्वासले हर्षोल्लासका साथ प्रतीक्षा जन्तीको आगमनदेखि बिहेसम्ममा सहभागी हुन्छन् ।

महोत्सव मनाउने क्रममा मिथिलाको संस्कृति अनुसार मटकोर, तिलकोत्सव, स्वयंवर र विवाह संस्कार सम्पन्न हुन्छ। विवाहपञ्चमीको अवसरमा श्रद्धालु भक्तजन आज बिहानैदेखि पवित्र सरोवर र गङ्गासागर नदीमा स्नान गरी पूजाअर्चना गर्ने गरेका छन्। सो अवसरमा भजनकीर्तन, रामलीला, झाँकी र प्रवचनको पनि आयोजना हुँदै आएको छ।

यसैबीच विवाहपञ्चमीको अवसरमा जनकपुरधामस्थित जानकी मन्दिरमा श्रद्धालुको ठूलो घुइँचो लागेको छ। जानकी मन्दिरमा पूजापाठ र रामसीताको विवाह हेर्न ठूलो सङ्ख्यामा नेपाल तथा छिमेकी मुलुक भारतबाट श्रद्धालु आएका छन् । अघिल्लो वर्ष कोरोना सङ्क्रमणका कारण विवाहपञ्चमी महोत्सव नभएका कारण यस वर्ष करीब पाँच लाखको हाराहारीमा श्रद्धालुले दर्शन गर्ने अनुमान गरिएको छ ।

विवाहपञ्चमीका अवसरमा हुने भीडभाडलाई दृष्टिगत गरी जनकपुर उपमहानगरपालिकाले नगरक्षेत्रका सामुदायिक तथा निजी विद्यालयमा तीन दिन बिदा दिएको छ। प्रदेश २ सरकारले पनि आज प्रदेशभरि सार्वजनिक सार्वजनिक बिदा दिएको छ । विवाहपञ्चमीको अवसरमा हुने भीडभाडमा आपराधिक घटना हुन नदिन र शान्ति सुरक्षा कायम राख्न जनकपुर नगरक्षेत्रभित्र एक हजार ३०० सुरक्षाकर्मी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक जीतेन्द्रकुमार बस्नेतले जानकारी दिए ।



**कामको चटारोः** पर्सा जिल्लाका विभिन्न गाउँबाट बारा, पर्साका औद्योगिक कारखानामा काम गर्न जाँदै मजदूरहरू। सबै मजदूरले कारखानामा काम नपाउँदा केही मजदूर वीरगंज शहर वरपर मजदूरीको लागि काम खोज्ने गर्छन्। तस्वीरः पङ्कज श्रेष्ठ

# प्रदेश २ मा ३० प्रतिशतलाई कोरोनाविरुद्धको पूर्ण खोप

जनकपुर, २२ मङ्सिर/रासस

प्रदेश २ मा ३० दशमलव ४३ प्रतिशत नागरिकलाई कोरोनाविरुद्धको पूर्ण खोप दिइएको छ।



सप्तरीमा ३० दशमलव ३१, सिराहामा २९ दशमलव ५७, धनुषामा ३२, महोत्तरीमा २७ दशमलव ७४ प्रतिशत, सर्लाहीमा ३४ दशमलव ५४, रौतहटमा २९ दशमलव ४१, बारामा ३० दशमलव ६४ र पर्सामा २७ दशमलव ७५ प्रतिशतले कोभिड–१९ विरुद्धको पूर्ण खोप लगाएको प्रदेश २ का स्वास्थ्य निर्देशक विजय झाले जानकारी दिए।

कोरोना भाइरसको सङ्क्रमण कायमै रहे पनि ग्रामीण भेगमा अझै कोरोनाविरुद्धको खोप लगाउन डराइरहेकाले लक्ष्य अनुसार खोप लगाउन नसकिएको उनको भनाइ छ। कोरोना भाइरसको नयाँ भेरियन्टको खतरा बढेपछि नेपाल–भारत प्रवेश नाकामा 'हेल्थ डेस्क' सञ्चालन गरिएको छ। सीताराम विवाहपञ्चमी महोत्सवका अवसरमा भारतबाट आउने साधुसन्त र सर्वसाधारण श्रद्धालु भक्तजनलाई लक्षित गरी 'हेल्थ डेस्क' सञ्चालन गरिएको हो।

# सिम्रौनगढमा माओवादी केन्द्रको अधिवेशन

प्रस, सिम्रौनगढ, २२ मङ्सिर/

नेपाल कम्युनिस्ट पार्टी (माओवादी



तस्वीरः प्रतीक

केन्द्र) सिम्रौनगढको पहिलो नगर अधिवेशन बुधवार सिम्रौनगढ–२ रानीवास फूलबारीमा सम्पन्न भएको छ।

अधिवेशनमा पूर्वमन्त्री महेन्द्र पासवानले ऐतिहासिक, पर्यटकीय एवं धार्मिकस्थल सिम्रौनगढ र जनकपुरबीच घनिष्ट सम्बन्ध रहेको बताए । उनले जनकपुरको विकास भएपनि आजसम्म सिम्रौनगढको विकास हुन नसकेको बताए। सिम्रौनगढको विकासको लागि जनता जागरूक हुनुपर्ने उनले बताए ।

नेता श्यामकिशोर यादवको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा पूर्वमन्त्री सत्यनारायण भगत, केन्द्रीय सदस्य गोपाल ठाकुर, रविराज दङ्गाल, देवशरणासाह कानू, जयप्रकाश यादवलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको स्वागत गजेन्द्र जयसवाल र सञ्चालन भोजेन्द्र यादवले गरेका थिए ।

अधिवेशनको बन्दसत्रले श्यामकिशोर यादवको अध्यक्षतामा ६५ सदस्यीय नगर कमिटी गठन गरेको छ। जसमा उपाध्यक्ष भोजेन्द्र यादव, सचिव मदन ठाकुर, कोषाध्यक्ष शीला राम र सदस्यहरूमा अब्बु महमद, झगडु महतो, मेथुर साह, सुशीला देवी, कोशिला देवी, मैना देवीलगायत छन् ।

# आफ्नै साथीले गरे योजनाबद्धरूपमा श्रेष्ठको हत्या

भक्तपुर, २२ मङ्सिर/रासस

आफूले लिएको ऋण तिर्नु नपरोस् भन्दै आफ्नै मिल्ने नजीकका साथीले सूर्यविनायक नगरपालिका–३ बालकोट बस्ने ३३ वर्षीय राजन श्रेष्ठको फर्माले हानेर हत्या गरेका छन् ।

मध्यपुरथिमि नगरपालिका–३ गठ्ठाघर र सूर्यविनायक नगरपालिका–३ बालकोटको सिमाना हनुमन्ते खोला किनारामा सूर्यविनायक–१ सिरुटार पुरानो घर भई सूर्यविनायक–३ बस्ने श्रेष्ठलाई गएराति पौने १० बजे कुटपिट गरी फर्माले हानेर हत्या गरिएको प्रहरीले जानकारी दिएको छ ।

हत्यामा संलग्न रहेको अभियोगमा बालकोट बस्ने राजनकै साथी करीब ३२ वर्षीय हेमन्त श्रेष्ठ र मजदूरी गर्ने प्रेम विकलाई प्रहरीले पक्राउ गरी महानगरीय प्रहरी वृत्त थिमिमा राखेर थप अनुसन्धान गरिरहेको जनाएको छ ।

महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक शिव श्रेष्ठले बिहान अपराध अनुसन्धान महाशाको टोली र जिल्ला प्रहरी कार्यालयको टोलीसहित तालीमप्राप्त कुकुरको सहायताबाट घटनाबारे थप रहस्य खुलाउँदै हत्याको घटनामा संलग्न रहेको आशङ्कामा पक्राउ गरी अनुसन्धान गरेको जानकारी दिए। यसबारेमा थप विस्तृत विवरण साँझसम्ममा सार्वजनिक गर्ने उनले जानकारी दिए ।

महानगरीय प्रहरी वृत्त थिमि, प्रहरी परिसर भक्तपुर र अपराध अनुसन्धान महाशाखाको टोलीले गरेको अनुसन्धानमा प्रहरीले जानकारी दिएको छ ।

यसबारेमा महानगरीय प्रहरी वृत्त थिमिका प्रहरी नायब उपरीक्षक नरहरि रेग्मीले अनुसन्धान जारी रहेको बताए ।

उनका अनुसार राजनले हेमन्तसँग लिनुपर्ने पैसा दिन्छौ भन्दा हेमन्तले गठ्ठाघरबाट सँगै लगेर फलामे पुल तरेपछि एकान्त ठाउँमा पुऱ्याएर कुटपिट गरेको र प्रेमले फर्माले हानेर हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

लेनदेनबाटै घटना सिर्जना भएको पाइएको उनले बताए । हत्या गर्ने र शवसमेत गायब पार्ने गरी योजनाबद्धरूपमा घटना घटाइएको पाइएको प्रहरीको भनाइ छ । राति कुटपिट गरेको स्थानीय मजदूरले देखेपछि प्रहरीलाई खबर गरेर प्रहरीकै सहयोगमा श्रेष्ठलाई राति १० बजे उद्धार गरी उपचारका लागि मध्यपुर लैजाँदा अस्पतालले मृत्यु भएको जानकारी गराएको उनले जानकारी दिए । मृतक श्रेष्ठको मुख र निधारमा गहिरो चोट रहेको छ ।

# मुलुकलाई निकास दिन काङ्ग्रेस वैचारिक बहसमा केन्द्रित होस् –प्रतिपक्षी

काठमाडौं, २२ मङ्सिर/रासस

सहयात्री राजनीतिक दलले १४औं महाधिवेशनबाट मुलुकलाई हालको परिस्थितिबाट निकास दिनका लागि वैचारिक बहससहित सुस्पष्ट कार्यदिशाको मार्गचित्र घोषणा गर्न नेपाली काङ्ग्रेसलाई सुझाव दिएको छ। प्रमुख प्रतिपक्षलगायत दलले मुलुकमा लोकतन्त्र स्थापना गर्न भएका सबै आन्दोलनमा नेतृत्वदायी भूमिका खेलेको प्रजातान्त्रिक दल हुनाको नाताले नेपाली समाजले खोजेको मागलाई सम्बोधन गर्ने वैचारिक र राजनीतिक बहसमा केन्द्रित हुन काङ्ग्रेसलाई आग्रह गरेको हो।

काङ्ग्रेसको आसन्न महाधिवेशनका सन्दर्भमा प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)का उपाध्यक्ष सुवास नेम्वाङले मुलुकका प्रमुख तीन अङ्ग प्रभावकारी नभएको परिस्थितिमा मुलुकलाई निकास दिन गम्भीररूपमा सोचेर नीतिगत बहस चलाउन सुझाव दिए। पूर्वसभामुखले भने, "संसद्ले काम गर्न सकेको छैन, न्यायपालिका ध्वस्तै छ, मुलुकमा अहिले धेरै विषय उठेका छन्, यस्तो अवस्थामा काङ्ग्रेस महाधिवेशनको तयारीमा छ, उसले सोच्नुपर्छ, अहिलेको स्थितिबाट देशलाई कसरी बाहिर निकाल्ने भन्नेबारेमा।"

काङ्ग्रेसको अधिवेशन सफलताका लागि शुभकामना दिँदै एमाले संसदीय दलका उपनेता नेम्वाङले भने, "सबै राजनीतिक दलका अधिवेशन लोकतान्त्रिक विधि र प्रक्रियाअनुरूप सफलतापूर्वक हुनुपर्छ, यसले देशको संसदीय प्रणालीलाई बलियो बनाउँछ भन्ने मेरो मान्यता छ। यही मान्यतामा उभिएर काङ्ग्रेसलाई मेरो शुभकामना रहन्छ।"

'उत्साह, एकता र रूपान्तरण सफल बनाऔं' भन्ने नारा तय गरिएको काङ्ग्रेसको १४औं महाधिवेशन यही मङ्सिर २४ देखि २७ गतेसम्म काठमाडौंमा हुँदैछ। नेपालको प्रजातान्त्रिक दलका रूपमा विश्वमैं पहिचान राखेको काङ्ग्रेसले यसपटक महाधिवेशनका लागि प्रतिनिधि छनोटमा पार्टीको आन्तरिक जीवनमा लोकतन्त्रको उच्चतम अभ्यास गरेको छ।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष



नेकपा (एमाले)का उपाध्यक्ष सुवास नेम्वाङ।

चित्रबहादुर केसीले जहानियाँ राणाशासन, प्रजातन्त्र र गणतन्त्र स्थापना, प्रतिगमनविरुद्धलगायत नेपालको प्रजातान्त्रिक आन्दोलनमा काङ्ग्रेसको योगदान रहेको बताए। उनले भने, "काङ्ग्रेस आन्दोलनको पक्षधर हो र यसले नेतृत्वका लागि मात्र नभएर नीतिमा बहस गर्नुपर्छ।"

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता लक्ष्मणलाल कर्णले काङ्ग्रेस देशमा एउटा प्रजातान्त्रिक पार्टीका रूपमा स्थापित रहेको बताए। सांसद कर्णले प्रजातन्त्र भनेको संसदीय व्यवस्था मात्रै भन्ने ठान्न नहुने र विकास अघि बढाउने सुस्पष्ट नीति र विचार हुनुपर्ने बताए। उनले नागरिक समानता र गरीबी निवारण नभएसम्म प्रजातन्त्रले स्थायित्व पाउन कठिन हुन्छ भन्ने विषयमा महाधिवेशनमा छालफल हुनुपर्ने बताए।

मुलुकको अनुभवी दलका कार्यकर्ताका हैसियतले काङ्ग्रेसका चार हजार ७०० प्रतिनिधिले शुक्रवारदेखि शुरू हुने महाधिवेशनबाट नयाँ कार्यकालका लागि सभापति, उपसभापति र महामन्त्री दुई/दुई, सहमहामन्त्री आठसहित १३४ पदाधिकारी एवं सदस्यको चयन गर्नेछन्। नेपालको संसदीय अभ्यासमा निकै खारिएको काङ्ग्रेसले विसं २०१५ को आमनिर्वाचनमा प्रतिनिधिसभामा ७३, २०४८ मा १११, २०५१ को उपनिर्वाचनमा ८३ र २०५६ मा पुनः १११ स्थानमा विजय हासिल गरेको थियो। मुलुकमा सशस्त्र सङ्घर्षको शान्तिपूर्ण राजनीतिक रूपान्तरणका लागि निर्णायक भूमिका खेलेको काङ्ग्रेसकै अगुवाइमा २३८ वर्ष लामो शाहवंशीय राजतन्त्र अन्त्य भएको थियो। राष्ट्रिय जनान्दोलन–२ को सफलतापछि पुनःस्थापित ३३० सदस्यीय व्यवस्थापिका संसद्मा पनि सबैभन्दा ठूलो दलका रूपमा रहेको काङ्ग्रेस विसं २०६४ मा ६०१ सिटका लागि भएको निर्वाचनमा भने ११४ सिटमा खुम्चिएको थियो। विसं २०७० को दोस्रो संविधानसभामा सबैभन्दा ठूलो अर्थात् २०७ सिटका साथ संसद्मा पुगेको काङ्ग्रेसकै अगुवाइमा सात दशक लामो नेपाली जनताको चाहना र बलिदानको उपलब्धिका रूपमा संविधानसभाबाट संविधान जारी गर्न सफलता प्राप्त भयो।

नेकपा (माओवादी केन्द्र)का नेता गिरिराजमणि पोखरेलले काङ्ग्रेस नेपालको सामन्तवादविरोधी आन्दोलनको सङ्घर्षशील राजनीतिक दल भएको जनाउँदै विसं २०७२ को संविधान काङ्ग्रेस र कम्युनिस्ट पार्टीबीच सहमतिको दस्तावेजका रूपमा जारी भएको बताए। सांसद पोखरेलले भने, "राणाविरोधी आन्दोलनका क्रममा स्थापना भएको काङ्ग्रेस शहीद, जेलनेल भोगेको राजनीतिक दल हो। शासकीय स्वरूप र अरू केही प्रश्नमा मतभेद भएपनि अहिले पनि मिलेर सरकार चलाइरहेका छौं।"

प्रतिगमनविरोधी आन्दोलनमा मिलेर नै सङ्घर्ष गरिएको स्मरण गर्दै पूर्वमन्त्री पोखरेलले संविधानको रक्षा र लोकतन्त्रलाई अघि बढाउने सन्दर्भमा पाँच दलबीच मतैक्यता भएकै कारण अहिले पनि सरकारमा मिलेर काम गर्ने अवसर प्राप्त भएको प्रतिक्रिया दिए। अधिवेशनमा सक्रिय काङ्ग्रेस कार्यकर्ताले वैचारिक बहस भने कम गरेकाले वैचारिक र राजनीतिक बहसमा केन्द्रित हुन सत्ताको नेतृत्व गरेको दललाई सुझाव दिए।

विसं २०७४ को संसदीय निर्वाचनमा दोस्रो ठूलो दलका रूपमा ६३ सांसदसहित सदनमा प्रवेश गरेको काङ्ग्रेसले पाँच दलीय गठबन्धनको नेतृत्व गर्दै सरकारको नेतृत्व लिन सफल भएको छ। पार्टीका पूर्वसभापति बिपी कोइराला, कृष्णप्रसाद भट्टराई, सुवर्णशम्शेर राणा, गणेशमान सिंह र महेन्द्रनारायण निधिलाई आदर्श व्यक्तिका रूपमा ग्रहण गर्ने काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला र सुशील कोइरालाले पनि मुलुकको राजनीतिमा विशिष्ट योगदान दिएका छन्।

पूर्वमन्त्री हृदयेश त्रिपाठीले नेपालको लोकतान्त्रिक आन्दोलनमा पटक–पटक अगुवाइ गरेको काङ्ग्रेस ऐतिहासिक राजनीतिक दल भएको प्रतिक्रिया दिए। उनले भने, "प्रत्येक राजनीतिक दलले महाधिवेशनमा वैचारिक बहस अघि बढाउनुपर्नेमा त्यसमा कमी आएकाले काङ्ग्रेसले यस महाधिवेशनमा वैचारिक बहसलाई केन्द्रित गरोस् भन्ने शुभकामना र शुभेच्छा प्रकट गर्छु।"

सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्ष, समानुपातिक समावेशी र समाजवादोन्मुख अर्थतन्त्रसहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी गर्ने श्रेयसमेत काङ्ग्रेसले प्राप्त गरेको थियो। नेपाली राजनीतिमा लोकतन्त्रको पर्यायवाचीका रूपमा रहेको काङ्ग्रेसले मुलुक हाँक्ने पटक–पटक जिम्मेवारी प्राप्त गरे तापनि जनचाहना अनुरूप विकासलाई अघि बढाउन नसकेको आरोप पनि खेप्दै आएको छ।

# बलात्कार र हत्याका मुख्य योजनाकार पक्राउ

सप्तरी, २२ मङ्सिर/रासस

हत्या गरी खाल्डोमा गाडेर फरार रहेका 'सिरियल किलर' सुरुङ्गा नगरपालिका–१० थलाहाका ६० वर्षीय गुल्जार मियाँ नौ वर्षपछि पक्राउ परेका छन्। सिराहाको सखुवा ननकारकट्टी गाउँपालिका–१ महेशबारी टोलमा लुकीछिपी बसिरहेको अवस्थामा अभियुक्तलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिए।

शृङ्खलाबद्ध बलात्कार र हत्याका मुख्य योजनाकार साबिक टिकुलिया गाविस–६ घर भई कुशहा–६ बस्ने सकिल हुसेन मियाँ र उनका साथी गुल्जार मियाँ तथा मस्तकिम मियाँ लामो समय नेपाल बाहिर रहँदै आएका थिए। उनीहरूमाथि शृङ्लाबद्ध बलात्कार र हत्याको आरोप छ।

सिरियल किलर सकिललाई अन्तर्राष्ट्रिय प्रहरी सङ्गठन (इन्टरपोल) को कतार शाखाले कतारमा पक्राउ गरी २०७४ फागुन २० गते नेपालको जिम्मा लगाएको थियो। सकिलका नाममा २०७२ असार ४ गते इन्टरपोलमा रेडकर्नर नोटिस जारी भएको थियो। पक्राउ परेका गुल्जार उनै सकिलका मुख्य सहयोगी हुन्।

प्रहरीको 'मोस्ट वान्टेड' सूचीमा रहेका सकिल र गुल्जारलगायतले साबिक टिकुलिया गाविस–९ घर भई पटेर्वा गाविस–१ बस्ने सबुद मियाँ र उनकी बुहारी सगिरा खातुनको हत्या गरेर आफ्नै कुखुरा फार्मनजीकै गाडेका थिए। साबिक जण्डौल गाविस–८ की गोरहनिया भनिने दुलारीदेवी मुखिया साह र त्रिकौल गाविसको निर्मलादेवी साहको हत्यामा पनि उनी संलग्न रहेको प्रहरीको भनाइ छ। सकिलमाथि आफ्नै ससुरा र बुहारीको समेत हत्या गरेको आरोप छ।

सकिलमाथि सप्तरीको मल्हनियाँका आरुल मियाँ र पाण्डव पासवानको हत्या गरेको आरोप लागेको थियो। विसं २०६८ मा सकिल पक्राउ पनि परे। यद्यपि आरोप पुष्टि हुन सकेन। आरुलका दाइ कलामुद्दीनको जाहेरी अनुसार प्रहरीले २०६८ मङ्सिर ४ गते सकिललाई पक्राउ गरेको थियो।

जिल्ला अदालतको २०६९ चैतको आदेश अनुसार प्रहरी अनुसन्धान मिसिलमा जुटाइएका कागजातको आशय बाँझिएको फाइदा सकिललाई पुग्यो। उनले सफाइ पाए। प्रहरीले बरामद गरेको कङ्काल आरुल मियाँको हो भन्ने प्रमाणित नभएकाले उनको मृत्यु पुष्टि नभएको अदालतको आदेशपत्रमा उल्लेख छ।

सप्तरीदेखि सुनसरीसम्मका नौजनाको शृङ्खलाबद्ध हत्या अनुसन्धान क्रममा प्रहरीले मुख्य योजनाकारका रूपमा सकिललाई पायो। आरुल मियाँ र पाण्डव पासवानको हत्या आरोपमा पक्राउ परे पनि उम्केका सकिलले एकपछि अर्कोगरी नौजनाको हत्या गरेको बताइएको छ।

शृङ्खलाबद्ध हत्या अनुसन्धान क्रममा आठ वर्षअघिको आरुल हत्याकाण्डका मुख्य अभियुक्त सकिलले तत्कालीन प्रहरीको फितलो अनुसन्धान र कमजोर मिसिलका कारण उन्मुक्ति पाएको प्रहरीले ठहर गरेको छ। एक हत्या अनुसन्धानमा प्रहरीले तीनजना महिला र तीनजना पुरुषलाई नियन्त्रणमा लिएको थियो।

सोही बेला पक्राउ परेकामध्ये सप्तरीको साबिक सारश्वर गाविस–४ का अल्लाउद्दीन मियाँको बयानबाट प्रहरीले नौजनाको हत्या शृङ्खला फेला पारेको हो। सबै हत्याको 'मास्टर माइन्ड' सकिल हुसैन भएको प्रहरीको भनाइ छ। जसमा गुल्जार अल्लाउद्दीनसहितका व्यक्ति बराबर संलग्न रहेका बताइएको छ।



वीरगंज–१२ रेडियो वीरगंज जाने बाटोमा बुधवार दिउँसो ट्रान्सफर्मर पड्केपछि सो आसपासका तारहरूमा पनि आगलागी भएको थियो। तारमा लागेको आगो निभाउने प्रयास गर्दै स्थानीय। तस्वीरः राजेश मिश्र

## फरक समाचार

# सबैभन्दा शक्तिशाली महिला

फोर्ब्सले दुनियाकै सबैभन्दा शक्तिशाली (पावरफुल) महिलाको सूची जारी गरेको छ। यस सूचीमा पहिलो नाम मैकेन्जी स्कटको छ, उनी कुनै देशको राष्ट्रपति वा प्रधानमन्त्री होइनन्।



स्कट फिलानथ्रोपिस्ट (दान दिएर आवश्यक व्यक्तिलाई सहयोग गर्ने) हुन्। उनी लेखक पनि हुन्। साथै स्कट अमेजन फाउन्डर जेफ बेजोसकी पूर्वपत्नी पनि हुन्, यसैले उनी धेरैपटक समाचारमा आइरहन्छिन्। २५ वर्षसम्म बेजोससँगै रहेकी स्कटले सन् २०१९ मा तलाक लिइन् र त्यसपछि अमेजनको २५ प्रतिशत शेयर उनले पाइन्। तलाकपछि पनि उनले आफ्नो सम्पत्तिको ठूलो भाग दान दिने निर्णय गरेकी थिइन्।

सन् २०२० मा उनले ५.८ बिलियन डलरको उपहार करीब ५ सय एनजिओलाई दान दिएकी थिइन्। त्यसपछि सन् २०२१ मा उनले २८६ ग्रुपलाई २.७२ बिलियन डलर दान दिइन्। दान गर्ने बानीका कारण उनी सधैं चर्चामा रहन्छिन्।

स्कटले दुईवटा उपन्यास प्रकाशित गरेकी छन्। यसको अलावा उनी लेखिका टनी मोरिज्मको विद्यार्थी पनि थिइन् र उनीसँग रिसर्चमा सहायकको रूपमा काम गरेकी थिइन्। स्कटको जन्म सन् १९७० अप्रिल ७ मा सैन फ्रैन्सिस्कोमा भएको थियो। उनले ६ वर्षकै उमेरमा लेख्न शुरू गरेकी थिइन् र बाल्यकालमा नै १४२ पृष्ठको एउटा पुस्तक लेखिन्, जुन बाढीमा नष्ट भयो। त्यसपछि सन् १९८८ मा उनले ग्रेजुएशन गरिन्। सन् १९९२ मा उनले प्रिन्सटन विश्वविद्यालयमा अध्ययन गरिन्।

सूचीको दोस्रो स्थानमा अमेरिकी उपराष्ट्रपति कमला हैरिस छिन्। त्यस्तै, सूचीको ३७औं स्थानमा भारतकी वित्तमन्त्री निर्मला सीतारमण छिन् भने नायकाका सिइओ र फाउन्डर फाल्गुनी नय्यरको नाम ८८औं नम्बरमा छ।

# कोरोना भगाउने च्युइङ्ग गम

शोधकर्ताको टीमले एउटा च्युइङ्ग गम विकसित गरेका छन्, जुन बोटबिरुवाको प्रोटीनको माध्यमबाट सार्स–कोभ–२ भाइरसलाई ट्रैप गर्ने काम गर्छ र यसको ट्रान्समिशनलाई पनि नियन्त्रित गर्छ।



मोलिक्युलर थेरापी जर्नलमा प्रकाशित अध्ययन अनुसार कोरोना भाइरसको खोप लगाइसकेकाहरूले अहिले पनि अन्य व्यक्तिलाई सङ्क्रमित गर्छन्, जसले खोप लगाएका छैनन्। सार्स–कोभ–२ सलाइवाको माध्यमबाट रेप्लिकेट हुन्छ। जब कोही सङ्क्रमित व्यक्तिले हाछ्यूँ गर्छ, खोक्छ वा बोल्छ, तब उसको माध्यमबाट कोरोना भाइरस अन्य व्यक्तिसम्म पुग्न सक्छ। अमेरिकामा मोलिक्युलर थेरापीमा प्रकाशित अध्ययनको नेतृत्व गर्ने डेनियलले भने, यो च्युइङ्ग गमले र्‍यालमा रहेका भाइरसलाई बेअसर गर्न सक्छ, जसबाट हामीले रोगलाई फैलाउन कम गर्ने सजिलो तरीका थाहा पाएका छौं।

महामारीभन्दा पहिले डेनियल उच्च रक्तचापको उपचारको सन्दर्भमा एन्जियोटेन्सिन–परिवर्तित एन्जाइम २ (एसिई २) प्रोटीनमाथि अध्ययन गरेका थिए। उनको ल्याबले नै यस प्रोटीनको विकसित गरेको थियो। पछिल्लो शोध अनुसार एसिई २ को गम्भीर सङ्क्रमितमा भाइरल लोडलाई कम गर्न सक्थ्यो। वैज्ञानिकको दाबी छ, खोपको साथै यसको उपयोग गर्नाले कोरोना भाइरसको सङ्क्रमणलाई रोक्न सकिन्छ।

यस च्युइङ्ग गमको प्रयोगबाट रोगीमा निकै फाइदा हुन्छ। यो ती देशको लागि फाइदाजनक हुन्छ, जहाँ अहिलेसम्म खोप उपलब्ध भएको छैन। यद्यपि यो च्युइङ्ग गम अहिले सामान्य उपयोगको लागि उपलब्ध छैन। तर वैज्ञानिकले दाबी गरेको छ, चाँडै यस च्युइङ्ग गमलाई बजारमा ल्याउँछौं।

# जाडोमा इम्युनिटी बढाउने खाद्य

जाडोमा अल्छी धेरै लाग्छ र सुत्न मन लाग्छ। यस मौसममा शरीरको इम्युनिटी पनि घट्छ। तसर्थ जाडोमा भित्रबाट न्यानो बनाउने खानेकुराहरू खानुपर्छ, जसले हाम्रो शरीरको प्रतिरक्षा प्रणालीलाई पनि बढाउँछ।



सखर, तिलसखरमा एन्टिअक्सिडेन्ट हुन्छ। जाडोको मौसममा सखरसँग तिलको सेवन गर्नुपर्छ। यसमा यस्तो फैटी एसिड हुन्छ, जसले इम्युनिटीलाई मजबूत बनाउनुको साथसाथै वजन पनि कम गर्छ। यसको साथै धेरैजसो रोगबाट पनि बचाउँछ। रुघाखोकी भएपछि फोक्सोबाट कफलाई सफा गर्न मदत गर्छ। यसमा प्रोटीन क्याल्सियम जस्ता थुप्रै खनिज तत्त्व हुन्छन्। यसैले जाडोको लागि यो उपयुक्त खानेकुरा हो।

**अमलाः** अमलालाई जाडोको राजा भनिन्छ। यो औषधीय गुणले भरिपूर्ण हुन्छ र सङ्क्रमणसँग लड्न पनि मदत गर्छ। यसलाई विभिन्न तरीकाले खान सकिन्छ। काँचो, पकाएर, अचार बनाएर, शर्बत, च्वयनप्राश आदि रूपमा खान सकिन्छ।

**इमलीः** अमिलो–मीठो इमलीको विशिष्ट स्वाद हुन्छ। यसले इम्युनिटीलाई बुस्ट गर्छ र पाचन प्रक्रियालाई पनि ठीक गर्छ। यसको बीउलाई छाछसँग मिसाएर सेवन गर्न सकिन्छ।

**खजूरः** खजूरमा आइरन, क्याल्शियम, मैग्निशियम, फाइबर हुन्छ। जाडोमा खजूरलाई बिहान दूधसँग सेवन गर्न सकिन्छ। यसले कोलेस्ट्रोलको स्तरलाई कम गर्छ र इम्युनिटी पनि बढाउँछ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# बेलायतमा ओमिक्रोनका १०० भन्दा बढी सङ्क्रमित भेटिए

लन्डन, २२ मङ्सिर/सिन्हवा

बेलायतमा मङ्गलवार कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनका १०० भन्दा बढी सङ्क्रमित भेटिएको बताइएको छ । यहाँका स्वास्थ्य अधिकारीहरूले मङ्गलवार दिएको जानकारी अनुसार यो भाइरसका १०० जनाभन्दा बढी सङ्क्रमित बेलायतमा देखिएका छन् ।


लन्डनस्थित खोप केन्द्र । तस्वीरः एएफपी

बेलायतका प्रधानमन्त्री बोरिस जोनसनले यस विषयमा मङ्गलवार यहाँको मन्त्रिपरिषद्को बैठकमा जानकारी गराएका थिए ।

साथै प्रधानमन्त्री जोनसनले योसमेत गरी बेलायतमा ओमिक्रोनका ४३७ जना सङ्क्रमित भेटिएको जानकारी पनि दिएका थिए । उनले बेलायतका स्वास्थ्य अधिकारीहरूले अनुसन्धानलाई जारी राखेका र अहिलेको प्रारम्भिक तथ्याङ्कले यो भाइरस यसअघिको डेल्टा भाइरसभन्दा निकै रफ्तारमा फैलिने खालको रहेको आफूलाई जानकारी गराएको बताएका थिए ।

हालै अफ्रिकामा देखिएर विश्वका अरू देशसम्म पुगेको भनिएको कोरोना भाइरसको यो भेरियन्ट बेलायतमा पनि केही दिन मात्र अघि देखिएको थियो। प्रधानमन्त्री जोनसनले देशव्यापीरूपमा नागरिकहरूलाई अघिल्लो डेल्टाभन्दा यो भाइरस निकै खतरनाक रहेको भन्दै सतर्कता अपनाउन आग्रह गरेका थिए ।

**संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस सेल्फ आइसोलेशनमा**

संयुक्त राष्ट्रसङ्घ/सिन्हवा

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस सेल्फ आइसोलेशनमा बसेको बुधवार प्राप्त एक समाचारमा जनाइएको छ । कोभिड–१९ देखिएका एक व्यक्तिसँगको सम्पर्कपछि उनी सेल्फ आइसोलेशनमा रहेको उनका उपप्रवक्ता फरहान हकले बताएका छन् ।

उनमा कुनै लक्षण नदेखिएको र शुरूको परीक्षणमा नेगेटिभ भए तापनि धेरै सावधानी अपनाउन उनले आफ्ना सबै संलग्नता रद्द गरेका छन् ।

बिहीवार डिसेम्बर ९ मा उनको पुनः कोरोना परीक्षण नभएसम्म उनले घरबाट काम गर्ने हकले मङ्गलवार संयुक्त राष्ट्रसङ्घको प्रेस सम्मेलनमा बताएका छन्। महासचिवको मूलतः बुधवार संयुक्त राष्ट्रसङ्घीय आपत्कालीन प्रतिक्रिया कोषको उच्चस्तरीय कार्यक्रममा भाग लिने कार्यक्रम थियो । आतङ्कवाद र जलवायु परिवर्तनको सन्दर्भमा सुरक्षा परिषद्को बिहीवारको खुला बहसमा बोल्ने अपेक्षा गरिएको थियो ।

बुधवार राति डाउनटाउन म्यानहटनमा संयुक्त राष्ट्रसङ्घ संवाददाता सङ्घको वार्षिकोत्सवमा सम्मानित अतिथिको रूपमा उनको निर्धारित उपस्थिति पनि प्रभावित भएको छ। ७२ वर्षीय गुटेर्रेस जनवरी २०२१ को अन्त्यमा पहिलो खोप र पछि दोस्रो खोप लगाउने पहिलो न्यूयोर्कका बासिन्दाहरूमध्ये थिए। उनले गत नोभेम्बर २६ मा एक बुस्टर डोज पनि लिएका छन् ।

**खोप नलगाएकालाई जिम्बाबेको सार्वजनिक यातायातमा प्रतिबन्ध**

हरारे/सिन्हवा

जिम्बाबेमा कोरोना भाइरसविरुद्धको खोप नलगाएका नागरिकलाई सार्वजनिक यातायातमा प्रतिबन्ध लगाइएको छ । कोरोना भाइरसको नयाँ भेरियन्टको रूपमा देखिएको ओमिक्रोनको सङ्क्रमण थप फैलिन थालेपछि उच्च सतर्कता अपनाउने सिलसिलामा यस्तो नियम लागू गरिएको हो । सरकारले कोरोनाको महामारी थप फैलिन नदिनका लागि थप चासो देखाएको छ ।

"पछिल्लो समयमा कोरोना भाइरसबाट सङ्क्रमित हुनेहरूको सङ्ख्यामा वृद्धि भएको छ, त्यसैले मन्त्रिपरिषद्ले कडाइ गर्ने निर्णय गरेको हो," सञ्चारमन्त्री मोनिका मुत्सभाङ्वाले भनिन् । सरकारले सबैलाई खोप लगाउनका लागि अनुरोध गरेको र नलगाउनेलाई अरू पनि धेरै ठाउँमा वञ्चित र निषेध गरिने उनले बताइन्।

उनले खोप लगाउनका लागि विभिन्न बसपार्कलगायत देशभरका विभिन्न ठाउँमा व्यवस्था गरिएको जानकारी दिइन्। खोप नलगाएकाहरूलाई सरकारी निकाय वा भीडभाड हुने सार्वजनिक स्थलमा नजान पनि उनले आग्रह गरिन्। उनले शैक्षिक संस्थाहरूमा पनि खोप लगाउन उमेर पुगेकाहरूले लगाउनुपर्ने र त्यही अनुसारको सतर्कता अपनाउनुपर्नेमा जोड दिइन् ।

सरकारी तथ्याङ्क अनुसार जिम्बाबेमा अहिलेसम्म कोरोनाका कारण एक लाख ४१ हजार ६०१ जना सङ्क्रमित भएका छन् । तीमध्ये चार हजार ७१३ जनाको मृत्यु भएको छ भने एक लाख २८ हजार ९६६ जना सङ्क्रमणमुक्त भएका छन् । देशभरका ३८ लाख ८२ हजार २५५ जनाले कम्तीमा खोपको एक मात्रा लगाएका छन् भने २८ लाख ९२ हजार ३६६ जनाले खोपको दुवै मात्रा लगाएका छन् । रासस

# ओमिक्रोन अन्य भाइरसभन्दा खराब नभएको डब्ल्युएचओ जानकारी

जेनेभा, २२ मङ्सिर/एएफपी

ओमिक्रोन अन्य भाइरस संस्करणहरूभन्दा खराब नभएको डब्ल्युएचओ र अमेरिकाका शीर्ष वैज्ञानिकहरूले जानकारी दिएका छन्। ओमिक्रोन अन्य कोरोना भाइरस स्ट्रेनहरूभन्दा नराम्रो जस्तो देखिन्छ । तर ओमिक्रोन भेरियन्टको गम्भीरतालाई न्याय गर्न थप अनुसन्धान आवश्यकता रहेको वैज्ञानिकहरूको भनाइ छ ।

ओमिक्रोनको त्रासले कैयौं राष्ट्रहरूलाई सीमा प्रतिबन्धहरू पुनः लागू गर्न बाध्य तुल्यायो र आर्थिकरूपमा दण्डित तालाबन्दीको फिर्ताको सम्भावना बढाएको छ। "प्रारम्भिक तथ्याङ्कले यो धेरै गम्भीर छ भन्ने सङ्केत गर्दैन । वास्तवमा, यदि केही छ भने, दिशा कम गम्भीरतातिर छ," डब्ल्युएचओको आपत्कालीन निर्देशक माइकल रायनले एक अन्तर्वार्तामा भनेका छन् । यद्यपि थप अनुसन्धान आवश्यक रहेको उनले बताएका छन् । "हामीसँग अत्यधिक प्रभावकारी खोपहरू छन्, जुन अहिलेसम्मका सबै भेरियन्टविरुद्ध प्रभावकारी साबित भएका छन्," उनले बताएका छन् ।

शीर्ष अमेरिकी वैज्ञानिक एन्थोनी फौसीले डब्ल्युएचओको दृष्टिकोणलाई प्रतिध्वनित गर्दै ओमिक्रोनका प्रारम्भिक सङ्केतहरूको आधारमा अघिल्लो स्ट्रेनभन्दा खराब नदेखिएको र सम्भवतः हल्का भएको बताएका छन् । स्पष्टरूपमा नयाँ संस्करण ओमिक्रोन डेल्टा भेरियन्टभन्दा धेरै ट्रान्समिसिबल भएको र वर्तमानरूपमा प्रमुख विश्वव्यापी तनावको विषय पनि यही भएको फौसीले बताएका छन् । यो लगभग निश्चितरूपमा डेल्टाभन्दा बढी गम्भीर नभएको उनले बताएका छन् ।

यसैबीच कोभिडविरुद्धका खोपहरूले नयाँ भेरियन्ट ओमिक्रोनबाट सङ्क्रमित भएकाहरूलाई गम्भीर अवस्थामा पुग्नबाट जोगाउन सक्षम रहेको विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)ले जनाएको छ। तर ओमिक्रोन भेरियन्टमा खोपको असर अन्य भेरियन्टको तुलनामा कम हुने कुनै सङ्केत नदेखिएको डब्ल्युएचओका डा माइकल रायनले बताएका छन् ।

"हामीसँग अत्यधिक प्रभावकारी खोपहरू छन्, जुन गम्भीर रोग र अस्पताल पुऱ्याउने सन्दर्भमा हालसम्मका सबै भेरियन्टविरुद्ध प्रभावकारी देखिएका छन्। ओमिक्रोनविरुद्ध त्यस्तो नहुने आशा गर्नुपर्ने कुनै कारण छैन," रायनले भने।

प्रारम्भिक तथ्याङ्क अनुसार ओमिक्रोनले मानिसहरूलाई डेल्टा भेरियन्ट वा अन्य 'स्ट्रेन'भन्दा बढी बिरामी नपार्ने देखिएको उनले जानकारी दिए। यदि अरू केही भन्न सकिन्छ भने खोपले कम गम्भीर बनाउने चाहिं पक्का हो, उनले थप जानकारी दिए। ओमिक्रोन भेरियन्टविरुद्ध फाइजर खोपको प्रभावकारिताबारे थप तथ्याङ्क आगामी दिनहरूमा प्राप्त हुने अपेक्षा गरिएको छ। नयाँ भेरियन्टविरुद्ध मोडेर्ना, जोन्सन एन्ड जोन्सन र अन्य खोपहरूले कस्तो काम गर्न सक्छन् भन्ने विषयबारे उल्लेख्य डाटा प्राप्त भइसकेको छैन ।

ओमिक्रोन हालसम्म फेला परेका कोभिडका प्रकारमध्ये सबैभन्दा बढी उत्परिवर्तित भेरियन्ट हो । शुरूमा यो भेरियन्ट दक्षिण अफ्रिकामा पुष्टि भएको थियो। हाल यहाँ कोभिडबाट सङ्क्रमित भएकाहरूको सङ्ख्या बढ्दो क्रममा छ। जोन्स हप्किन्स विश्वविद्यालयको तथ्याङ्क अनुसार सन् २०१९ को डिसेम्बरमा चीनको हुबेई प्रान्तको वुहान शहरबाट शुरू भएको कोरोना महामारीको कारण हालसम्म विश्वभर ५० लाखभन्दा बढी मानिसले ज्यान गुमाइसकेका छन्। रासस

# जलवायु परिवर्तन र खाद्य सुरक्षासम्बन्धी गोष्ठी

प्रस, ठोरी, २२ मङ्सिर/

पर्साको ग्रामीण क्षेत्रका स्थानीय तहमा बसोबास गर्ने मानिसको उत्थान, विगतमा भएका र भविष्यमा हुन सक्ने जलवायु परिवर्तनका असर र खाद्य सुरक्षाको जोखिमतासम्बन्धी विश्लेषण कार्यक्रम ठोरीमा मङ्गलवार सम्पन्न भएको छ ।



तस्वीरः प्रतीक

संयुक्त राष्ट्रसङ्घ, विश्व खाद्य कार्यक्रम अन्तर्गत उत्थानशीलता विश्लेषण तथा जीविकोपार्जनसम्बन्धी एक दिने अन्तर्क्रिया गोष्ठी ठोरी गाउँपालिकाको कार्यालय, घ्याङडाँडामा सम्पन्न भएको थियो ।

गोष्ठीमा सहभागीहरूले जलवायु परिवर्तनको प्रभावका कारण खाद्य सुरक्षामा चुनौती थपिन थालेको भन्दै चिन्ता व्यक्त गरेका थिए । पालिकास्तरको जलवायु परिवर्तनको अवस्था र खाद्य सुरक्षाबारे अन्तर्क्रिया र परामर्श गर्दै सहभागीहरूले पालिकास्तरको विवरण प्रस्तुत गरेका थिए ।

गोष्ठीमा सहभागी स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीसँग परामर्शमार्फत ती क्षेत्रको जीवन निर्वाहका आधारसम्बन्धी सूचना, ती क्षेत्रमा बसोबास गर्ने मानिसहरूको सामाजिक र आर्थिक पक्षसम्बन्धी सूचना, जलवायुजन्य प्रकोपहरूको असर र सोसम्बन्धी ऊनीहरूको अनुभव र अवधारणा सङ्कलन गरिएको विश्व खाद्य कार्यक्रमका प्रदेश संयोजक कृष्ण माझीले जानकारी दिए। उनका अनुसार गोष्ठीमा पालिका प्रतिनिधिहरूको परामर्शमार्फत सङ्कलन गरिएको प्राथमिक सूचनाहरू र द्वितीय प्रकाशित स्रोतहरूबाट सङ्कलित सूचनाहरूको आधारमा जीवन निर्वाहका आधारहरूको क्षेत्र पहिचान र नक्शाङ्कन, जलवायु पुनर्उत्थान, जलवायु परिवर्तनका असर र खाद्य सुरक्षाको दृष्टिकोणले जोखिमतासम्बन्धी विश्लेषण गरिनेछ ।

गोष्ठीमा जिल्ला समन्वय समिति पर्साका उपप्रमुख ठाकुरप्रसाद न्यौपाने, समन्वय अधिकारी छविरमण भट्टराई, पर्साका ठोरी, जीराभवानी, जगरनाथपुर, कालिकामाई, धोबिनी र छिपहरमाई गाउँपालिका तथा पोखरिया नगरपालिकाका प्रतिनिधि, सम्बन्धित पालिकाको कृषि र विपत् व्यवस्थापन शाखाका प्रमुखहरूको सहभागिता थियो ।

विश्व खाद्य कार्यक्रमले विभिन्न देशका सरकारहरूसँग सहकार्य गरी जीवन निर्वाहका साधन, जलवायु परिवर्तन र यसले खाद्य सुरक्षामा पार्न सक्ने असर पहिचानका लागि स्पष्ट अवधारणा प्रयोग गर्दै आइरहेको छ । नेपालमा यो अवधारणाको अभ्यास राष्ट्रिय योजना आयोग, विश्व खाद्य कार्यक्रम र युके सरकारको जलवायु कार्यालयको सहकार्यमा सञ्चालनमा छ ।

# छिपहरमाईमा ९ दिने सहस्त्र चण्डी महायज्ञ

सुग्रीव साह, भिस्वा, २२ मङ्सिर/


तस्वीरः प्रतीक

छिपहरमाई गाउँपालिका–४ मा ९ दिने सहस्त्र चण्डी महायज्ञ सञ्चालनका लागि बुधवार जलयात्रा सम्पन्न भएको छ ।

पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले आज महायज्ञको लागि जलयात्राको उद्घाटन गरेका थिए । जयमङ्गलापुरको सिक्रहाना नदीबाट जल बोकी पर्सा जिल्लाको बन्जारी, भिस्वा, जयमङ्गलापुर, तुलसीबर्वा र भारतको सिकटा रेलवे स्टेशनसम्म पुगेको थियो ।

महायज्ञका अध्यक्ष रामेश्वर महतो केवटको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा प्रहरी उपरीक्षक रमेशकुमार बस्नेत, सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्का, जगरनाथपुर गाउँपालिकाका अध्यक्ष जालीम मियाँ, छिपहरमाई गापा–४ का अध्यक्ष बालराउत गद्दी, यज्ञको मञ्च सञ्चालक अनिल वर्मा, आचार्य त्रिलोकीनाथ शास्त्रीलगायतको सहभागिता थियो ।

महायज्ञमा ओंकारानन्द सरस्वतीजी महाराज र महामनीषी स्वामी निरञ्जन, साध्वी प्रेमलताले प्रवचन दिने कार्यक्रम रहेको छ ।

**आयुर्वेदको चमत्कार**

इच्छा अनुसार छोरा–छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
**सहयोगीः**
**बैद्य सूर्यमान श्रेष्ठ**
मो. ९८६९३७७४७७, ९८०५९२७०३३

## आजको राशिफल

| | |
|---|---|
| मेष – सफलता | वृष – प्रगति |
| मिथुन – वादविवाद | कर्कट – यात्रालाभ |
| सिंह – कडापरिश्रम | कन्या – सुसमाचार |
| तुला – उदरपीडा | वृश्चिक – विजय |
| धनु – धनलाभ | मकर – सुयश |
| कुम्भ – बेचैनी | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

# उपप्रमुख साहद्वारा छठघाटको शिलान्यास

प्रस, रौतहट, २२ मङ्सिर/

माधवनारायण नगरपालिकाकी उपप्रमुख सिमलकुमारी साहले माधवनारायण नगरपालिका–४ बिसुनपूर्वा मानपुरमा छठघाटको शिलान्यास गरेकी छन् ।

कार्यक्रममा व्रतालुहरूको माग अनुसार छठघाटको शिलान्यास गरिएको र छिट्टै निर्माण सम्पन्न हुने उपप्रमुख साहले बताइन् । भेल्हीमा दलित सामुदायिक भवन, चमार टोलमा विद्यालय भवनको मर्मत, सलेश मन्दिर, श्रीराम साहको स्मृतिमा हनुमान मन्दिर, सामुदायिक भवन निर्माण, पक्की सडक निर्माण कार्यमा आफ्नो सक्रियता रहेको कार्यक्रममा उनले जानकारी गराएकी थिइन् ।

उनले उपप्रमुखको काम, कर्तव्य र जिम्मेवारी न्याय समितिमा रहेको भए तापनि सङ्घर्ष गरेर विकास कार्यहरू गर्न सफल भएको बताइन् ।

उनले नगरपालिकाको बजेट सञ्चालन गर्ने जिम्मा प्रमुखको मात्र रहेकोमा दुःख व्यक्त गरिन् ।


तस्वीरः प्रतीक

कार्यक्रममा नेकपा एमालेका नेता उपेन्द्र यादव, जयलाल मुखिया, रामसागर मुखिया, श्यामबाबू हजरा, राजेन्द्र ठाकुर, देवनारायण मुखिया, किशोरी मुखिया, लालबाबू पण्डित, सुखल हजरालगायतको सहभागिता थियो ।

बालश्रम दण्डनीय अपराध हो
बालबालिकालाई कुनै पनि श्रमजन्य कार्यमा नलागाऔं ।
**वीरगंज महानगरपालिका**

# निर्माणाधीन सडक ढलान र नालाको निरीक्षण

प्रस, वीरगंज, २२ मङ्सिर/

वीरगंज महानगरपालिकाका प्रमुख ढलान र नाला निर्माण कार्यको नगरप्रमुख सरावगीले स्थलगत अनुगमन गरेका जोड दिए। सो अवसरमा उनले विकास निर्माण कार्यमा नगरवासीको चासो



निर्माण कार्यको निरीक्षण गर्दै वीरगंज महानगरपालिकाका प्रमुख सरावगी। तस्वीर सौजन्यः वीउमनपा

विजयकुमार सरावगीले महानगर क्षेत्रमा निर्माण भइरहेका विकास निर्माण कार्यको स्थलगत निरीक्षण गरेका छन्।

नगरस्तरीय बजेटबाट वडा नं ३ प्रगतिनगरमा निर्माण भइरहेको सडक थिए। अनुगमनको क्रममा उनले निर्माण कार्य गुणस्तरीय हुनुपर्नेमा जोड दिए।

महानगरपालिकाबाट हुने विकास निर्माण कार्यमा नगरवासीको पनि लगानी रहेकोले निर्माण कार्य गुणस्तरीय हुनुपर्नेमा रहनुपर्ने र सो गर्दा निर्माण कार्यमा अनियमितता हुन नसक्ने बताए। उनले विकास निर्माण कार्यमा बजेट मात्र सिध्याउने तरीकाले काम नगर्न ठेकेदार तथा उपभोक्ता समितिहरूलाई सचेत गराए।

# बलात्कार भएकी किशोरीद्वारा स्वास्थ्य परीक्षण गर्न इन्कार

प्रस, विन्ध्यवासिनी, २२ मङ्सिर/

जगरनाथपुर गाउँपालिका-६ सन्ठीकी १८ वर्षीया किशोरीलाई दुईजना युवकले २० दिनसम्म बन्धक बनाएर बलात्कार गरेको किशोरी र उनका परिवारजनले आरोप लगाएका छन्।

किशोरी आफैंले बलत्कार भएको भन्दै इलाका प्रहरी कार्यालय, पोखरियामा जाहेरी दिएकी थिइन्। त्यसपछि उनीसँग सोधपूछ गरी स्वास्थ्य परीक्षण गराउन जाँदा उनीसमेत परिवारजनलाई धम्की दिने काम शुरू भएको छ।

गाउँमा बस्न दिंदैनौं, घर जलाइ दिन्छौं, ज्यान मारिदिन्छौं जस्ता धम्की दिएर स्वास्थ्य परीक्षण नगराउन युवक पक्षका केही व्यक्ति लागिपरेको बताइन्छ। बलात्कारको आरोप लागेका युवक पक्षबाट स्थानीय नेताहरूले पनि किशोरी र उनका परिवारजनलाई आर्थिक प्रलोभन र धम्की दिइरहेको जनाइएको छ। स्वास्थ्य परीक्षण यसै कारण नगरेको किशोरी पक्षको भनाइ छ।

किशोरीलाई गाउँकै दुईजना युवकले २० दिनसम्म बन्धक बनाएर बलात्कार गरेको आरोप छ।

किशोरीका बुबाका अनुसार कात्तिक २३ गते बिहान ६ बजे पटेर्वासुगौली गाउँपालिका-५ स्थित नेरामावि, निचुटामा पढ्न जाने क्रममा किशोरीलाई बाटोबाट दुईजना युवकले नियन्त्रणमा लिएर वीरगंजको घडीअर्वास्थित डेरामा राखेका थिए। युवतीलाई डेरामा तीन दिन राखेको र त्यसपछि दुवै युवकले १७ दिनसम्म डेराबाट बाहिर विभिन्न स्थानमा लगेर पटक-पटक बलात्कार गरेको आरोप छ।

मङ्सिर १३ गते बिहान ३ बजे किशोरी वीरगंजस्थित डेराबाट भागेर अभिभावककहाँ पुगेको बताइएको छ। सोही दिन इलाका प्रहरी कार्यालय, पोखरियामा युवकद्वयविरुद्ध जाहेरी दिंदा प्रहरीले जाहेरी लिई अनुसन्धान दर्ता प्रक्रिया अगाडि बढाएको किशोरीका बुबाले बताए।

प्रहरीलाई घटनाबारे जानकारी गराएको एक हप्तापछि आरोपित दुवै युवकलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय, पोखरियाको हिरासतमा राखिएको थियो।

प्रहरी निरीक्षक दीपक थापाका अनुसार मङ्सिर १३ गते किशोरीका बुबाले अपहरणको मात्रै उजूरी लिएर आएकाले त्यति बेला अपहरणसम्बन्धी अनुसन्धान गर्नुपर्ने भएकाले दुवै युवकलाई तारिखमा रिहा गरेको बताए। तर मङ्गलवार बलात्कार नै भएको भनेर जाहेरी दिएकाले स्वास्थ्य परीक्षण गराउन नारायणी अस्पताल पठाएको बताए। उनले किशोरीले स्वास्थ्य परीक्षण गराउन नमानेपछि जिल्ला प्रहरी कार्यालय, पर्सामा पठाएको बताए।


महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसा नै महिला हिंसा हो, त्यस्ता हिंसा सामाजिक तथा कानूनीरूपमा अपराध हुन्।

कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं।

लैङ्गिक हिंसाविरुद्धको अभियान सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड





# खेलकूदको संसार

## मैत्रीपूर्ण क्रिकेटमा पत्रकार महासङ्घ, पर्सा विजयी

प्रस, वीरगंज, २२ मङ्सिर/

सानो पाइलाको पन्ध्रौं वार्षिकोत्सवको अवसरमा बुधवार आयोजित मैत्रीपूर्ण क्रिकेट प्रतियोगिताको उपाधि नेपाल पत्रकार महासङ्घ, पर्सा शाखाले जितेको छ।




तस्वीरः सौजन्य

आदर्शनगर रङ्गशालामा सानो पाइलोसँग आयोजित मैत्रीपूर्ण क्रिकेटमा टस जितेर नेपाल पत्रकार महासङ्घ, पर्साले ब्याटिङ गरेको थियो। निर्धारित १२ ओभरको खेलमा ८ विकेट गुमाएर पत्रकार महासङ्घले ९३ रन जोडेको थियो।

प्रतिउत्तरमा ९४ रनको लक्ष्य लिएर मैदानमा उत्रेको सानो पाइला निर्धारित १२ ओभरमा ३ विकेट गुमाएर ८७ रनमा सीमित रह्यो। विजयी नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीलाई नेपाल पत्रकार महासङ्घ प्रदेश २ का महासचिव श्याम बन्जाराले शिल्ड प्रदान गरेका थिए।

प्रतियोगितामा सानो पाइलाका अध्यक्ष सुदीप लामा, पत्रकार महासङ्घ, पर्साका पूर्वअध्यक्ष शत्रुघ्न नेपाललगायतको सहभागिता थियो।

## हिमालयन शेर्पा र पुलिसको खेल बराबरीमा टुङ्गियो

काठमाडौं, २२ मङ्सिर/रासस

शहीद स्मारक 'ए' डिभिजन लिग फूटबल प्रतियोगिता अन्तर्गत बुधवार भएको पहिलो खेलमा हिमालयन शेर्पा क्लब र नेपाल पुलिस क्लबबीचको खेल बराबरीमा टुङ्गिएको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको खेलमा हिमालयन शेर्पा र नेपाल पुलिस क्लबले १/१ गोलको बराबरीमा खेल्दै अङ्क बाँडेका छन्। खेलमा पहिलो अग्रता भने हिमालयन शेर्पाले लियो।



खेलको सुरुआती ५३औं सेकेन्डमा कप्तान विश्वास श्रेष्ठले गोल हानेर हिमालयन शेर्पाले खेलमा पहिलो अग्रता लिएको थियो।

मैदानको मध्य भागमा अलरिच सिवे र विश्वासको समन्वयमा बनेको मुभमा विश्वासको पेनाल्टी बक्सबाहिरको प्रहार पुलिसका गोलरक्षक शत्रिघनकुमार चौधरीलाई लाग्दै गोलमा परिणत भएको थियो।

यता पुलिस क्लबले भने खेलको दोस्रो मध्यान्तरमा एक गोल फर्काउँदै खेललाई १/१ गोलको बराबरीमा ल्यायो। खेलको ६०औं मिनेटमा रवि पासवानको पासमा सुमन लामाले करीब सिक्स यार्डबाट प्रहार गरेको बलले जाली चुम्यो।

यस बराबरीसँगै पुलिसले तीन खेलमा पाँच अङ्क जोडेको छ। अङ्कतालिकामा पुलिस चौथो स्थानमा उक्लिएको छ। त्यस्तै, हिमालयन शेर्पाले तीन खेलमा दुई अङ्क जोडेको छ। हिमालयन शेर्पा लिगको १२औं स्थानमा छ।

## ग्रासरूट फूटबल : अमलेखगंज र सिमरा विजयी

प्रस, जीतपुर, २२ मङ्सिर/

अन्तर विद्यालयस्तरीय फूटबल प्रतियोगिता अन्तर्गत बुधवार सम्पन्न खेलमा नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, अमलेखगंज र नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, सिमरा विजयी भएका छन्।

ग्रासरूट फाउन्डेशन, सिमराको आयोजनामा जारी प्रतियोगिता अन्तर्गत आजको पहिलो खेलमा नेरामावि, अमलेखगंजले




गोलरक्षक थापालाई ट्रफी प्रदान गर्दै नव जनजागृति युवा क्लबका अध्यक्ष रामचन्द्र लामा। तस्वीर सौजन्यः अविनाश आचार्य

लोटस एकेडेमी, सिमरामाथी ३-१ गोलअन्तरको जीत हासिल गर्दै क्वाटरफाइनलमा प्रवेश गरेको छ।

अमलेखगंजका ब्रिजन नेपालले दुई गोल गरेका थिए भने अर्को एक गोल अमलेखगंजले आत्मघाती उपहार पाएको थियो। सो खेलमा 'म्यान अफ दी म्याच' ब्रिजन नेपाल घोषित भएका थिए।

आजै सम्पन्न दोस्रो खेलमा नेरामावि, सिमराले अक्षरा पाठशाला, सिमरालाई १-० गोलअन्तरले पराजित गर्दै क्वाटरफाइनलमा स्थान पक्का गरेको छ। सो खेलमा 'म्यान अफ दी म्याच' अक्षराका गोलरक्षक सञ्जय थापा घोषित भए।

भोलिको पहिलो खेल नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, डुमरवाना र सिमरा पब्लिक इङ्ग्लिश स्कूलबीच हुने छ भने दोस्रो खेल राष्ट्रिय विभूति शिक्षा सदन स्कूल, रजघट्टा र नोबेल एकेडेमी, सिमराबीच हुने प्रतियोगिताका संयोजक सोनु क्षेत्रीले जानकारी दिए।